# फर्मेटिभ अनुसन्धान परियोजना

# (FORMATIVE RESEARCH PROJECT)

## अनुसन्धान निष्कर्षहरूको सारसंक्षेप १

त्रिभुवन विश्वविद्यालय
शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड)
२०५९

संयोजक

डा. विजयकुमार थापा

सहयोगी

रोमप्रसाद भट्टराई

भाषा सम्पादन

वेदनाथ रेग्मी

डिजाइन तथा लेआउट

गौमत मानन्धर

टाइपिङ

विष्णुविक्रम गिरी

छपाइ

भक्त बहादुर श्रेष्ठ

**प्रकाशक**

*त्रिभुवन विश्वविद्यालय*
शिक्षा विकास तथा अनुसन्धान केन्द्र
**फर्मेटिभ अनुसन्धान परियोजना**
पो.ब. नं. २१६१, फोन नं. २५२९१९, २८६७३२, फ्याक्स २६१६३९
email: cerid@mos.com.np
CERID on Internet: http://www.cerid.org

# भूमिका

त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्रले श्री ५ को सरकार शिक्षा तथा खेलकूद मन्त्रालयको आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (आ.प्रा.शि.का: दोस्रो चरण) का लागि आवशयक अनुसन्धान गरी सहयोग गर्ने जिम्मा पाएको छ । राष्ट्रिय शिक्षा समितिलाई आवश्यक पर्ने अनुसन्धानमा आधारित शैक्षिक सूचना तथा सुझाव प्रदान गर्ने तथा  शिक्षा क्षेत्रमा प्रवर्तनात्मक विकासका कार्य गर्ने उद्देश्यले शुरुवात गरिएको यस केन्द्रलाई श्री ५ को सरकार शिक्षा मन्त्रालय तथा नर्वे सरकारको शिक्षा मन्त्रालयले यस्तो महत्वपूर्ण जिम्मेवारी सुम्पिनु सेरिड परिवारको लागि गर्वको कुरा हो । साथै, यो सेरिडको लागि आफ्नो उपादेयता प्रमाणित गर्ने चुनौती पनि हो । सेरिडले यो फर्मेटिभ अनुसन्धान परियोजना (Formative Research Project) लाई आफ्नो विकासक्रमको एक महत्वपूर्ण कडीको रुपमा लिएको छ ।

यस फर्मेटिभ अनुसन्धान परियोजना अन्तर्गत सेरिडबाट आर्थिक वर्ष २०५८/२०५९ मा पााचवटा अनुसन्धान प्रायोजना तथा एउटा आ.प्रा.शि.का. को दोस्रो चरणमा संचालित विभिन्न अनुसन्धानको समीक्षा गर्ने कार्य गरिएको थियो । अनुसन्धानका निष्कर्ष तथा सुझावहरुलाई सरोकारवालाहरुको समूह (Stake holders) सम्म पुऱ्याउनुपर्ने आवश्यकतालाई मध्यनजर राखी माथिका ६ वटै अनुसन्धानबाट आएका निष्कर्षहरु तथा सुझावहरुलाई नेपालीमा रुपान्तर गरी यो पुस्तक तयार गरिएको छ । आशा छ, यसले आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (दोस्रो चरण) लाई अझ बढी प्रभावकारी रुपमा लागू गरी यस तहको गुणात्मक शिक्षामा सबैको पहाुच पुग्न मद्दत पुऱ्याउने छ । यसका लागि फर्मेटिभ अनुसन्धान कार्यक्रमका संयोजकलगायत संलग्न सबै अनुसन्धानकर्ताहरु तथा समूहमा सामेल भई सहयोग पुऱ्याउने श्री ५ को सरकार शिक्षा तथा खेलकूद मन्त्रालय, शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, सेरिड र अन्य निकायका सबै महानुभावहरु धन्यवादका पात्र हुनुहुन्छ । साथै, अनुसन्धानलाई आवश्यक तथ्याङ्क उपलब्ध गराइदिने संस्थाहरु तथा महानुभावहरु र अनुसन्धान प्रतिवेदनमा आवश्यक सल्लाह र सुझाव प्रदान गर्नुहुने शिक्षाविद्हरु पनि धन्यवादका पात्र हुनुहुन्छ ।

अनुसन्धानका निष्कर्ष तथा सुझावहरुलाई नेपाली भाषामा अनुवाद गरिदिनु भएकोमा यस फर्मेटिभ अनुसन्धान सल्लाहकार समूहका सदस्य उप-प्राध्यापक श्री बलराम पौडेल (महेन्द्रमोरङ्ग बहुमुखी क्याम्पस) प्रति आभाव व्यक्त गर्न चाहन्छु । सबै अनुसन्धानका निष्कर्ष र सुझावहरुलाई समेटेर यो संक्षिप्त प्रतिवेदन तयार गर्नु हुने यस परियोजनाका संयोजकलाई विशेष धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस पुस्तकको टाईपिङ्ग तथा डिजाइन र छपाईमा संलग्न सेरिडका कर्मचारीहरु पनि आभारका पात्र हुनुहुन्छ ।

धन्यबाद ।

डा. हृदयरत्न बज्राचार्य
कार्यकारी निर्देशक

पौष २०५९

# विषय सूची


| | पेज |
|---|---|
| फर्मेटिभ अनुसन्धान परियोजनाको परिचय<br>(Introduction to Formative Research Project) | १ |
| जिल्ला शिक्षा योजनाको विकास र कार्यान्वयन<br>(Development and Implementation of District Education Plan) | ७ |
| विद्यालयले प्रस्तुत गर्ने गरेको तथ्याङ्कको गुणस्तर तथा शुद्धता<br>(Quality and Accuracy of School Reported Data) | १४ |
| पिछडिएका समूहको शिक्षाप्रति पहुँच<br>(Access to Education for Disadvantaged Groups) | २२ |
| कक्षाकोठामा प्रभावकारी शिक्षण/सिकाइ<br>(Effective Classroom Teaching/Learning Practices) | २७ |
| नेपालमा विद्यालय प्रभावकारीताबारे एक अध्ययन : विभिन्न सूचकहरूको सश्लेषण<br>(School Effectiveness: A Synthesis of Indicators) | ३२ |
| आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोस्रो चरण) का लागि गरिएका अध्ययनहरूको स्टक-टेकिङ<br>(Stock-taking of the BPEP II Studies) | ३७ |
| फर्मेटिभ अनुसन्धान कार्यमा सम्लग्न अनुसन्धानकर्ताहरू | ४८ |

# फर्मेटिभ अनुसन्धान परियोजनाको परिचय
# (Introduction to Formative Research Project)

## परिचय

श्री ५ को सरकार शिक्षा तथा खेलकूद मन्त्रालय र नर्वे सरकारको शिक्षा तथा अनुसन्धान मन्त्रालयबीच नर्वे सरकारको प्राविधिक सहयोगमा फर्मेटिभ अनुसन्धान परियोजना (Formative Research Project) सञ्चालित गर्ने सम्झौता भएको छ । यस परियोजनाले हाल श्री ५ को सरकार शिक्षा मन्त्रालयद्वारा सञ्चालित आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (आ.प्रा.शि.का.) को दोस्रो चरण (Basic and Primary Education Programme II) को कार्यान्वयनलाई प्रभावकारी गराउनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । यसप्रकार यो परियोजना आ.प्रा.शि.का. को एक अभिन्न अंग हुनाका साथै श्री ५ को सरकारको शैक्षिक नीति कार्यान्वयनको एक तात्विक पक्ष पनि हो । फर्मेटिभ अनुसन्धान परियोजनाको उद्देश्य आ.प्रा.शि.का. का कार्यक्रमहरूको निर्बाध क्रियान्वयनमा योगदान गर्न सक्ने व्यावहारिक प्रकृतिका अनुसन्धान कार्यक्रमहरू सञ्चालित गर्नु हो ।

यस परियोजनाको मूलभूत अवधारणा आ.प्रा.शि.का. को योजना, कार्यान्वयन र व्यवस्थापनका सम्बन्धमा श्री ५ को सरकार शिक्षा मन्त्रालयलाई आवश्यक सूचना/जानकारी (Information) उपलब्ध गराउनु हो । उपलब्ध सूचना/जानकारीहरूले योजना र नीति कार्यान्वयनको नियमित अनुगमनका लागि आवश्यक सन्दर्भसूचना (Reference) र कार्यान्वयनको प्रक्रियामा देखापरेका मुद्दा (Issues) र समस्याहरूको निराकरणका लागि आवश्यक अर्न्तदृष्टि (Insights) तथा विस्तारित सोचहरू (Details) प्रदान गर्नेछन् । नि.अ.का. ले आ.प्रा.शि.का. को प्रक्रियामा देखापर्ने सबल पक्ष र दुर्बल पक्षहरूको विश्लेषण गर्नाका साथै आगामी चुनौतीहरूको आाकलन (Anticipation) गर्नेछ । नि.अ.का.को अभिप्राय आ.प्रा.शि.का. दोस्रो चरण को कार्यन्वयनको सफलता निश्चित गर्नाका निम्ति शिक्षा तथा खेलकुद मन्त्रालय र शिक्षा विभागलाई जरूरत पर्ने रणनीतिक महत्वका विषयहरू (Topics) मा केन्द्रित हुने भएकोले यसबाट

निष्पादित (Generated) सूचना/जानकारीहरूको आधारमा गरिनुपर्ने कार्यहरू (Actions) का लागि सुझावहरू प्रदान गर्नेछ । यस हिसाबले नि.अ.का. ले आफ्ना अनुसन्धानमा "के?" तथा "कसरी?" भन्ने प्रश्नहरूको सट्टा ""किन?" भन्ने प्रश्नहरूमा जोड दिएको छ ।

तल चित्र १ ले फर्मेटिभ अनुसन्धान परियोजनाको अवधारणात्मक खाका प्रस्तुत गर्दछ ।

**चित्र. १: परियोजनाको अवधारणा**




चित्र १ मा देखाइएअनुसार निर्माणत्मक अनुसन्धानलाई चाहिने आभ्यन्तरित विषयहरू (Core topics) र मूल प्रश्नहरू (Key questions) को निर्णय शिक्षा तथा खेलकूद मन्त्रालय र शिक्षा विभागबाट गरिन्छ । परियोजनाको समन्वय कार्यालय (FRP Coordination Office) ले अनुसन्धान र सम्बद्ध क्रियाकलापहरू गराई तिनका निष्कर्षहरू (Findings) फर्मेटिभ अनुसन्धान सल्लाहकार समूह [Formative Research Advisory Group (FRAG)] मा प्रस्तुत गर्दछ । सरोकारवालाहरूको यो समूह (Stakeholders' Groups) ले यी निष्कर्षहरूमा छलफल गरी त्यसका निचोडहरू तथा आफ्ना अनुभवहरूसमेतका आधारमा तयार पारिएका सुझावहरू शिक्षा मन्त्रालयलाई पठाउादछ । यसबाट शिक्षा मन्त्रालयलाई आ.प्रा.शि.का. का नीति र प्रक्रियाहरूमा सुधार गर्नेतर्फ सघाउ पुग्दछ । यो कार्यचक्र (Cycle) आवधिक रूपले हरेक ६-६ महिनामा चल्दछ ।

यसप्रकार फर्मेटिभ अनुसन्धान परियोजनाका भए जति सबै क्रियाकलापहरूको जिम्मेवारी समग्रमा श्री ५ को सरकार शिक्षा तथा खेलकूद मन्त्रालयले वहन गर्दछ । शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) ले अनुसन्धान तथा यस सम्बन्धी कार्यक्रमहरूको संचालन गरी फर्मेटिभ अनुसन्धान सल्लाहकार समूह मार्फत शिक्षा तथा खेलकूद मन्त्रालयलाई रिपोर्टिङ्ग गर्दछ । उक्त सल्लाहकार समूहमा वरिष्ठ अनुसन्धाता, शिक्षाविद्, प्रधानाध्यापक, नीतिनिर्माता र जिल्ला शिक्षा अधिकारीहरू संलग्न रहन्छन् ।

फर्मेटिभ अनुसन्धान परियोजनाको संचालनमा सेरिडलाई नर्वेबाट आएका एक प्राविधिक सल्लाहकारको सहयोग प्राप्त हुने गर्दछ । २०५८ आश्विनमा आरम्भ गरिएको यस परियोजना आ.प्रा.शि.का. (दोस्रो चरण) को समाप्ति (२०६० आषाढ) पछि पनि चालू रहने अपेक्षा गरिएको छ ।

### प्रक्रिया र क्रियाकलाप

२०५८ आश्विनमा समन्वयकर्ताको नियुक्ति भएपछि नि.अ.का. अन्तर्गत गरिने क्रियाकलापहरूलाई अन्तिम रूप दिई तिनीहरूको थालनी गरियो । २०५८ कार्तिकमा राष्ट्रिय तहको एक समाचारपत्रमा विज्ञापन प्रकाशित गरी आ.प्रा.शि.का. का तीन आभ्यन्तरित क्षेत्रहरू (Core areas) मा गरिने अनुसन्धानहरूका लागि अवधारणा-पत्रहरू निमन्त्रित गरियो । ती तीन आभ्यन्तरित क्षेत्र हुन् - (१) पहुाच र निधारण (Access and retention), (२) शिक्षाको गुणस्तरीयता (Quality of education) र (३) संस्थागत क्षमता निर्माण (Institutional capacity building) । विज्ञापनको अनुसरणमा २७ जना अनुसन्धानहरूले आ-आफ्ना प्रारम्भिक अवधारणा-पत्रहरू सेरिडमा प्रस्तुत गरे । शिक्षा तथा खेलकूद मन्त्रालय, शिक्षा विभाग र सेरिडका प्रतिनिधिहरू सदस्य भएको छनौट समितिले ती अवधारणा-पत्रहरूको प्राध्ययन (Review) गर्‍यो र विज्ञापनमा उल्लिखित न्यूनतम योग्यता पुगेका १५ जना अनुसन्धानकर्ताहरूलाई सविस्तार लेखिएका अनुसन्धान प्रस्तावहरू प्रस्तुत गर्न अनुरोध गर्‍यो । उनीहरूले आ-आफ्ना प्रस्तावहरू २०५८ मंसिरमा आयोजित कार्यशालामा प्रस्तुत गरे । कार्यशालामा शिक्षा तथा खेलकूद मन्त्रालय र शिक्षा विभागका अधिकृतहरूको सहभागिता थियो ।

त्यसपछि १० जना अनुसन्धानकर्ताहरूले आ-आफ्ना अवधारणा-पत्रहरूमाथि आएका टीका-टिप्पणी (Comments) र सुझावहरू समावेश गरी अन्तिम रूपमा आ-आफ्ना प्रस्तावहरू प्रस्तुत गरे । नर्वेबाट आएका सल्लाहकारलगायत छनौट समितिका सदस्यहरूले विस्तृत रूपमा तयार पारिएका अनुसन्धान प्रस्तावहरूको अध्ययन गरी तत्पश्चात् आर्थिक वर्ष २०५८/०५९ का निमित्त ५ वटा अनुसन्धान अध्ययन र १ स्टक-टेकिङ्ग (Stock-taking) अध्ययनको छनौट गरे ।

परियोजना अन्तर्गतका अनुसन्धान अध्ययनहरू २०५८ मंसिरको तेस्रो हप्तादेखि शुरू भए । अनुसन्धान कार्यहरूका निम्ति क्वान्टिटेटिभ (Quantitative) र क्वालिटेटिभ (Qualitative) प्रविधिहरूको आधार गरी उपलब्ध (Primary) र उपलभ्य (Secondary) तथ्याङ्कहरूको सङ्कलन गरियो । क्षेत्रगत क्रियाकलापहरूको अनुगमन खास क्षेत्रमै गएर र टेलिफोन सम्पर्कबाट सम्पन्न गरियो ।

अनुसन्धान अध्ययनहरू अन्तर्गत सञ्चालित कार्यक्रमहरूका सम्बन्धमा हुने बैठकहरूका अतिरिक्त परियोजनामा कार्यरत सबै अनुसन्धानकर्ताहरूको सामूहिक बैठकहरू पनि नियमित रूपले सेरिडमा आयोजित गरिए । प्रत्येक अनुसन्धान अध्ययनबाट प्राप्त प्रारम्भिक निष्कर्षहरू (Findings) मा फोकस ग्रुप छलफलहरू (Focus group discussions) भए । यस्ता छलफल सत्रहरूमा नि.अ.का.मा संलग्न अनुसन्धाताहरू र अन्य सम्बद्ध विशेषज्ञहरूको उपस्थिति उत्साहवर्धक थियो । यसभन्दा अघि परियोजनाका अनुसन्धानकर्ताहरू आफैमाझ समूह छलफलहरू भए ।

उपर्युक्त ६ वटै अनुसन्धान अध्ययनहरूअन्तर्गत प्रसार गोष्ठीहरू (Dissemination seminar) आयोजित भए जसमा शिक्षाको क्षेत्रमा कार्यरत विशिष्ट अनुसन्धाताहरू एवं शिक्षा तथा खेलकूद मन्त्रालय र शिक्षा विभागका उच्चपदस्थ अधिकृतहरूको सहभागिता थियो । यसका अतिरिक्त दातृसंस्थाका प्रतिनिधि र अन्य सरोकारवालाहरूसित पनि अन्तरक्रिया सत्रहरू आयोजित भए जसमा अनुसन्धान अध्ययनहरूका निष्कर्ष र अनुभवहरूको आदान-प्रदान भयो ।

परियोजनाले आर्थिक वर्ष २०५९/०६० का लागि मूलभूत प्रश्नहरू (Key questions) को पहिचान गर्ने सिलसिलामा क्षेत्रीय एवं राष्ट्रिय तहमा आ.प्रा.शि.का. का मुद्दाहरू (Issues) लाई लिएर विभिन्न कार्यशाला र गोष्ठीहरू आयोजित गऱ्यो ।

## आ.व. २०५८/०५९ का अनुसन्धान क्रियाकलापहरू

फर्मेटिभ अनुसन्धान परियोजनाको प्रारम्भिक चरणमा (२०५८ मंसिर देखि २०५९ आषाढ) सेरिडले ५ वटा अनुसन्धान क्रियाकलापहरू सञ्चालित गऱ्यो । यी ५ वटा अध्ययनहरू आ.प्रा.शि.का. का यी ३ मुख्य फोकसभित्र पर्दछन् – (१) संस्थागत क्षमता निर्माण (Institutional capacity building), (२) पहुँच र निधारण (Access and retention) र (३) शिक्षाको गुणस्तरीयता (Quality of education) । संचालित अनुसन्धान अध्ययनहरूको सूची यसप्रकार छः

| क्षेत्र | अनुसन्धान |
|---|---|
| संस्थागत क्षमता निर्माण | १. जिल्ला शिक्षा योजनाको विकास र कार्यान्वयन<br>२. विद्यालयबाट प्राप्त तथ्याङ्कहरूको स्तरीयता र शुद्धता |
| पहुँच र निधारण | ३. पिछडिएका समूहको शिक्षाप्रति पहुँच |
| शिक्षाको गुणस्तरीयता | ४. कक्षाकोठामा प्रभावकारी शिक्षण-सिकाइ<br>५. विद्यालयको प्रभावकारिताः सूचकहरूको संश्लेषण |

यसप्रकार यी ५ वटा अनुसन्धान अध्ययनहरूका विषयहरू (Topics) ले आ.प्रा.शि.का. (दोस्रो चरण) का क्रियाकलापहरू – योजना, तथ्याङ्कहरूको गुणस्तर, सुविधाविहीन समूहहरू (Disadvantaged groups) को शिक्षाप्रति पहुँच, कक्षाकोठाभित्रका चलन/व्यवहारहरू र विद्यालयहरूको समग्र प्रभावकारितासित तादाम्य राखेका छन् ।

प्रत्येक अनुसन्धान अध्ययनको आफ्नै तथ्याङ्क सङ्कलन रणनीति र छनौट गर्ने खाका (Sampling frame) लगायत टूल्स (Tools) थिए । छनौट योजना (Sampling plan) प्रत्येक अध्ययनको फर्मेटिभ (Formative) प्रकृति र विशिष्ट प्रयोजन (Specific purpose) लाई ध्यानमा राखेर गरिएको थियो । परियोजनाका अनुसन्धान अध्ययनहरूको समन्वयन क्षेत्रगत तहमा पनि कायम गरिएको थियो ।

यी ५ अनुसन्धान अध्ययनहरूका अतिरिक्त आ.प्रा.शि.का. का क्रियाकलापहरूका लागि गरिएका अध्ययनहरूको स्टक-टेकिङ्गको एक बेग्लै अध्ययनको व्यवस्था गरिएको थियो । यो छुट्टै अध्ययनको उद्देश्य सम्पन्न भइसकेका अध्ययनहरूको आधार गरी आ.प्रा.शि.का. (दोस्रो चरण) का सम्बन्धमा उठेका मूल अनुसन्धान मुद्दाहरू (Key research issues) को पहिचान गर्नु थियो ।

फर्मेटिभ अनुसन्धान परियोजनाको यस "संक्षिप्त प्रतिवेदन" (Summary report) भित्र माथि उल्लिखित ५ अनुसन्धान अध्ययन मुख्य-मुख्य निष्कर्ष र सिफारिशहरू रहेका छन् । छैठौं अध्ययन (अर्थात् स्टक-टेकिङ्ग अभ्यास) का सिफारिशहरू मूल मुद्दाहरूप्रति परिलक्षित छन् । यी मूल मुद्दाहरूलाई परियोजना का अब गरिने अध्ययनहरूले समाहित गर्नेछन् । स्टक-टेकिङ्ग अभ्यासमा शिक्षा तथा खेलकूद मन्त्रालय र शिक्षा विभागका निमित्त गरिएका अध्ययनहरूका निष्कर्षहरूको प्रसारणका लागि अपनाउनु पर्ने रणनीतिहरूमा पनि केन्द्रित छन् ।

# जिल्ला शिक्षा योजनाको विकास र कार्यान्वयन

# (Development and Implementation of District Education Plan)

## पृष्ठभूमि

दोस्रो चरणको आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमले विकेन्द्रीकरणको समाधार (Norms) र सिद्धान्तलाई अंगीकार गरी शैक्षिक योजनाको प्रक्रिया, त्यसको व्यवस्थापन र कार्यान्वयनका लागि “तलबाट माथि” को योजना (Bottom-up planning) लाई “सूक्ष्म योजना प्रक्रिया” (Micro-planning) को माध्यमबाट निर्माण गर्दै जाने प्रक्रियामा जोड दिएको छ ।

वास्तवमा जिल्ला शिक्षा योजनाको तर्जुमा र यसको कार्यान्वयन गर्न विकेन्द्रीकरणको समाधार र सिद्धान्तलाई अवलम्बन गरिनु त्यस आदर्श र सिद्धान्तलाई व्यवहारमा अनुवाद गर्ने एउटा प्रयत्न भएको मान्नुपर्दछ ।

यस सन्दर्भमा आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमले सहभागितामूलक योजना प्रक्रियाको निर्माण सुनिश्चित गर्न योजनाको निर्माण र त्यसको कार्यान्वयन गर्ने जिम्मेवारी जिल्लाहरूमा सारिदियो । फलस्वरूप आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम लागू हुनासाथ “जिल्लामा आधारित” योजनाहरू निर्माण गर्ने प्रक्रिया आरम्भ भयो । सन् २००० ताका सबै जिल्लाहरूमा जिल्लामा आधारित शिक्षा योजनाहरू अस्तित्वमा आएका देखिए ।

## उद्देश्य

यो अनुसन्धानको मुख्य उद्देश्य “जिल्लामा आधारित” शैक्षिक योजना (DEP) हरूको निर्माण र तिनका कार्यान्वयनको अध्ययन गरी यसका सबल पक्षका साथै सीमाहरूको मूल्याङ्कनसहित विकेन्द्रीकरणको योजना र कार्यान्वयन पद्धतिलाई प्रोत्साहन गर्दै सुधारात्मक उपायहरू सुझावको रूपमा प्रदान गर्नु रहेको छ । यसका विशिष्ट उद्देश्यहरू निम्नबमोजिम छन्:

(क) चालू रहेका योजना प्रक्रिया र पद्धतिहरूको पुनरावलोकन गर्ने ।

(ख) जिल्ला शिक्षा योजना, त्यसको कार्यान्वयन र सोसम्बन्धी नीति, उद्देश्य, प्राथमिकता साधन र कार्यक्रम घटक (Program components) हरूको पुनरावलोकन गर्ने ।

(ग) जिल्ला शिक्षा समिति, जिल्ला शिक्षा अधिकारी, स्रोतव्यक्ति, प्रधान अध्यापक, निरीक्षक, गैर सरकारी संस्था र अन्य सरोकारवाला व्यक्तिहरूले योजना निर्माण गर्दा एवं कार्यान्वयन गर्दा खेलेका भूमिकाको पुनरावलोकन गर्ने ।

(घ) "जिल्लामा आधारित" शैक्षिक योजनाको निर्माण गर्न र यसको कार्यान्वयनका लागि आवश्यक दक्षतामा प्रकाश पार्ने ।

(ङ) जिल्ला शिक्षा योजनाको विकास र कार्यान्वयनका सन्दर्भमा स्थापित संबन्धन (Linkage) र कायम समन्वयको (Co-ordination) मूल्याङ्कन गर्ने ।

(च) जिल्ला शिक्षा योजना लागू गर्ने रणनीतिको पुनरावलोकन गर्ने ।

(छ) जिल्ला शिक्षा योजना कार्यान्वयन गर्दा गरिएका अनुगमन र तिनका प्रतिवेदनको पुनरावलोकन गर्ने ।

## अध्ययन विधि

(१) विकेन्द्रीकरणको अवधारणा र विकेन्द्रीकरण योजनाको संक्षिप्त रूपमा पुनरावलोकन गर्दै शिक्षा क्षेत्रमा राष्ट्रले विकेन्द्रीकरणसम्बन्धी योजना र त्यसको कार्यान्वयनका लागि गरेको प्रयत्नमाथि प्रकाश पारियो ।

(२) यस सम्बन्धमा तयार पारिएका प्रतिवेदन, लेखिएका लेखका अतिरिक्त छानिएका जिल्लाहरूमा जिल्ला शिक्षा विकास योजनाको पुनरावलोकन गरियो ।

(३) इलाम, मोरंग, रसुवा, कास्की, र रूपन्देही जिल्लाहरूबाट आवश्यक तथ्याङ्कहरू संकलन गरियो र जिल्ला विकास समितिका अध्यक्ष, सदस्यहरू, जिल्ला शिक्षा अधिकारी तथा विद्यालय निरीक्षक, प्राथमिक शिक्षा एकाई प्रमुख, योजना निर्माण समितिका सदस्यहरू, स्रोतव्यक्ति, प्र.अ. तथा अन्य शिक्षक, मेयर, गा.वि.स. अध्यक्ष तथा सदस्यहरू, अभिभावक र छानिएका केही गैरसरकारी संस्थाहरूसँग समेत छलफल गरियो । यसका अतिरिक्त उनीहरूका जवाफको प्रमाणिकता लागि अवलोकन गरियो ।

(४) केन्द्रमा शिक्षा विभागका महानिर्देशक, मन्त्रालयका योजना प्रमुख, विभागका योजना र अनगमन प्रमुख, मन्त्रालयका अनुगमन शाखा प्रमुख र मन्त्रालयका विकेन्द्रीकरण कार्य समितिका सदस्यहरूसँग छलफल गरियो ।

## अध्ययनका निष्कर्षहरू (Findings)

१. जिल्ला शिक्षा योजनाले शिक्षामा "तलबाट माथि"को योजना आरम्भ गरिसकेको छ ।

- यसले जिल्ला तहमा योजनाको अभ्यास शुरू गरिसकेको छ ।
- यसले शैक्षिक योजनाको निर्माण र कार्यान्वयनमा स्थानीय तहको आवश्यकता र चाहना प्रतिबिम्बित गर्न तथा वाञ्छित परिणाम प्राप्त गर्न स्थानीय तहको सहभागिता अपरिहार्य हुन्छ भन्ने सम्बन्धमा मानिसहरूमा चेतना अभिवृद्धि गरेको छ ।
- यसलाई केही जिल्लामा जिल्ला विकास योजनाको अभिन्न अंगका रूपमा समेत लिइएको छ ।

२. आवश्यकताअनुसार विशेषज्ञ उपलब्ध नहुनाले जिल्ला शिक्षा योजना निर्माण प्रक्रियामा प्रतिकूल असर परेको छ ।

- प्रत्येक जिल्लामा दुई जनालाई मात्र तालीम दिइएको छ ।
- आवश्यकता निर्धारण, प्राथमिकताको चयन र कार्यक्रमको विकासका लागि जिल्ला योजनासँग सम्बन्धित व्यक्तिहरू राम्ररी तयार भएको पाइएन ।
- योजना निर्माण गर्ने समूहका लागि चाहिने प्राविधिक टेवा (Technical support) को अभाव देखिन्छ ।
- केही जिल्लाहरूमा तालीमप्राप्त भन्दा अरू नै व्यक्तिहरू जिल्ला शिक्षा योजना निर्माणमा संलग्न भएको पाइयो ।

३. जिल्ला शिक्षा योजना जस्तो कार्य छानिएका केही व्यक्तिहरूले जिल्लाका विभिन्न तहका व्यक्तिहरूसँग छड्के जाँच (Cross check) नगरी र उनीहरूको उचित सहभागिताविना नै निर्माण गर्ने गरेकाले यसको स्वामित्व (Ownership) कमजोर भएको देखिन्छ ।

- जिल्ला शिक्षा योजनाको विकासमा केही सिमित मानिस मात्र सहभागि भएका छन् ।

- जिल्ला शिक्षा योजना निर्माण गर्ने समितिमा जिल्ला विकास समितिका एक जना सदस्य बाहेक अरू सबै सरकारी कर्मचारीहरू रहेका छन् ।

- समुदायका व्यक्ति तथा तिनीहरूको संगठन योजना निर्माण कार्यमा संलग्न भएको पाइएन ।

- विद्यालय सुधार योजना र गाउँ शिक्षा समिति अझै पनि जिल्ला शिक्षा विकास योजनामा समाहित भएको छैन ।

- जिल्ला शिक्षा योजना भनेको जिल्लामा आधारित योजना हो तर यो योजना पूर्वोपलब्ध तथ्याङ्क (Secondary data) र सीमित सहभागिताबाट मात्र निर्माण गर्ने गरिएको देखिन्छ ।

४. जिल्ला शिक्षा योजना प्रक्रियाले जिल्लामा शैक्षिक विकासका लागि शैक्षिक सुधारको दृष्टिकोण आरम्भ गर्ने पाइला चाल्न भने सफल भएको पाइयो ।

- यसले जिल्लाको व्यापक र विस्तृत शैक्षिक विवरण प्रस्तुत गरेको छ ।

- यसले जिल्लाको शैक्षिक लक्ष्यको निर्धारण, प्राथमिकताहरूको चयन, साधनको आवश्यकताको निर्धारण, कार्यक्रमहरूको किटान र कार्य योजना (Action-plan) बमोजिम कार्य गरी शैक्षिक सुधारमा एउटा दिशा प्रदान गर्ने प्रयासमा सफलता हासिल गरेको छ ।

५. जिल्ला शिक्षा योजनाले जिल्लाका मुख्य आवश्यकता, चाहना र प्राथमिकतालाई भन्दा दोस्रो आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमका विभिन्न घटक (Component) हरूमा बढ्ता ध्यान दिने गरेको पाइयो ।

- यसले धेरैजसो दोस्रो आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमका विभिन्न पक्ष (Aspects) हरूमा ध्यान दिएको पाइन्छ । केही जिल्ला शिक्षा योजनाले मात्र आफ्ना जिल्लाका विशिष्ट समस्याहरूमा ध्यान दिने गरेको पाइयो ।

- विभिन्न जिल्ला शिक्षा योजनाहरूमा उद्देश्य, प्राथमिकता, लक्ष्य र कार्यक्रमहरू प्रायः उस्तै छन् । तिनीहरू एक र अर्को जिल्लामा विशेषरूपमा भिन्न भएको पाइएन ।

- केही जिल्लाका शिक्षा योजनाले एकै प्रकारको रणनीति अपनाएको पाइयो । आमा भेला, बालर्‍याली, सडक नाटक जस्ता कार्यक्रमलाई सामाजिक परिचालनको माध्यम बनाइएको छ ।

- दोस्रो आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमका सबै तत्वहरूलाई प्रत्येक जिल्लाका जिल्ला शिक्षा योजनाले समेटेका छन् ।

६. जिल्लाका विशिष्ट आवश्यकताहरूलाई, सहभागितामूलक योजना प्रक्रियाबाट मानिसहरूका चाहना प्रतिबिम्बित गर्दै एउटा पेशागत दस्तावेजको रूपमा जिल्ला शिक्षा योजनाको विकास अझै पूर्ण रूपमा भइनसकेको पाइयो ।

- हाल तयार भएका जिल्ला शिक्षा योजनाहरूले जिल्लाका शैक्षिक मुद्दा तथा समस्याहरूको व्याख्या गर्दछन् तर गहिरिएर तिनको विश्लेषण गर्दैनन् ।

- जिल्लाले साधनको उपलब्धताको मूल्याङ्कन र विना कुनै रणनीति महत्वकांक्षी लक्ष्य निर्धारण गर्ने गरेको देखिन्छ ।

- सरकारी बजेटलाई मात्र ध्यान दिएर योजना तयार गर्ने गरेको पाइन्छ ।

- अनुगमन र सुपरिवेक्षणलाई कम महत्व दिएको छ ।

७. धेरैजसो सरोकारवालाहरू (जस्तै विद्यालय शिक्षक, प्रधान अध्यापक, स्थानीय निकायका सदस्यहरू, र स्थानीय संगठनका पदाधिकारीहरू)ले जिल्ला शिक्षा योजना तयार गर्दा सल्लाहाकारको भूमिका मात्र निभाएका छन् ।

- जिल्ला शिक्षा योजनाको तयारी गर्ने काम जिल्ला शिक्षा अधिकारीको भूमिका पदीय दायित्व मात्र हो भन्ने सोचाइ रहेको देखिन्छ ।

८. जिल्ला शिक्षा योजनालाई एउटा "गुड्दै जाने" योजना (Rolling plan) को रूपमा लिईएको छ ।

- जिल्ला शिक्षा योजनासंग पूरा ५ वर्षको कार्ययोजना छैन ।

- पहिलेको कार्ययोजनाको पृष्ठपोषणबाट यसलाई परिमार्जित गर्दै मजबूत बनाउनुपर्ने देखिन्छ ।

९. जिल्ला शिक्षा योजनालाई साधन वितरणको सम्बन्धमा केन्द्रले निनिर्देश (Dictate) गर्ने गरेको पाइन्छ ।

- स्थानीय निकायको योगदानलाई कम महत्व दिइएको छ ।
- योजनाकारहरूले स्थानीय तहमा स्रोत तथा साधन उत्पादन (Generate) गर्दै त्यसलाई परिचालन गर्ने कुरा योजनामा ल्याउने गरेको पाइएन ।
- वार्षिक कार्ययोजना तर्जुमा गर्नुपूर्व नै केन्द्रले बजेट सीमन (Budget ceiling) गर्ने गरेको छ ।

१०. कार्यक्रमको व्यवस्थापन तथा साधन हिस्सेदारी (Sharing) मा स्थानीय निकायहरूको कस्तो भूमिका र जिम्वेवारी हुनुपर्ने हो सो प्रस्ट छैन ।

- कार्यक्रम पूर्णतया जिल्ला शिक्षा कार्यालय र यसद्वारा निर्मित स्रोतकेन्द्रले मात्र कार्यान्वयन गर्ने गरेका छन् ।
- स्थानीय निकायहरूलाई कार्यक्रम संचालन र प्रगति सुपरिवेक्षणमा जिम्वेवार बनाइएको छैन ।

११. जिल्ला शिक्षा योजना र शैक्षिक कार्यक्रमहरू अलग-अलग रूपमा कार्यान्वित गर्ने गरिएको छ ।

- स्थानीय निकाय र संगठनहरूले पारस्परिक रूपमा खेल्नुपर्ने भूमिका परिभाषित नगरिएको हुँदा कार्यक्रम संचालन र प्रगति सुपरिवेक्षणमा उनीहरूको संलग्नता भएको देखिएन ।

१२. जिल्ला शिक्षा योजनाको प्रभावकारी सुपरिवेक्षण र रिर्पोटिङ गर्ने संयन्त्र पनि विकसित भएको छैन ।

- योजनाको प्रगति सुपरिवेक्षण गर्ने सम्बन्धमा जिल्ला शिक्षा योजनामा कुनै कार्यक्रम राखिएको छैन ।
- जिल्ला शिक्षा कार्यालयका कर्मचारीहरू यो योजनाको प्रगति मूल्याङ्कन गर्ने सम्बन्धमा आवश्यकता अनुसार प्रशिक्षित (Trained) भएको पाइएन ।
- जिल्ला शिक्षा योजनाको प्रगतिको पुनरावलोकन, जिल्ला शिक्षा अधिकारीहरूका गोष्ठीहरूमा, सूत्र संग्रह (Formula funding) सम्बन्धि गोष्ठीमा र यो योजना सबल बनाउने गोष्ठीहरूमा मात्र भएको छ ।

१३. स्थानीय स्वायत्त शासन ऐन, शिक्षा सातौं संशोधन ऐन र शिक्षा नियमावली २०५९ बीचमा समन्वयको कमी देखिन्छ ।

- स्थानीय स्वायत्त शासन ऐनले गाँउ विकास समितिलाई त्यस क्षेत्रमा शैक्षिक संस्थाहरूको व्यवस्थापन र सुपरिवेक्षण गर्ने जिम्वेवारी दिएको छ भने शिक्षा ऐन सातौं संशोधनले यस प्रयोजनका लागि गाँउ शिक्षा समिति निर्माण गरेको छ ।

- यसै गरी, जिल्ला विकास समितिलाई जिल्लाको शैक्षिक विकास प्रयोजनको जिम्मा दिएको छ भने शिक्षा ऐन र नियमावलीले यस प्रयोजनका लागि जिल्ला शिक्षा समितिलाई निरन्तरता दिएको छ ।

## चालिनु पर्ने पाइलाहरू

१. जिल्लामा दह्रो सामाजिक परिचालन अभियान संचालन गर्ने ता कि आधारभूत तथा प्राथमिक शिक्षा सबैको सामूहिक सरोकारको विषय बनोस् र सबै मुख्य सरोकारवालाहरूको संयुक्त जिम्वेवारी हुन सकोस् ।

२. सबै सरोकारवालाहरूको पारस्पारिक भूमिका जिल्ला शिक्षा विकासको योजनाको कार्यक्रम तयार गर्दा किटान गरिनु पर्दछ र सबैलाई एक साथ सूत्रबद्ध गर्नुपर्दछ ।

३. स्थानीय स्वायत्त शासन ऐनको प्रावधानअनुसार स्थानीय निकायहरू (खास गरी गा.वि.स. र नगरपालिका)हरूलाई जिल्ला शिक्षा विकासको योजना निर्माणमा संलग्न गराई, कार्यान्वयनका लागि जिम्मेदार बनाइनुपर्दछ ।

४. स्थानीय निकाय र शैक्षिक संस्थाहरूबीच प्रभावपूर्ण समझदारीको विकास गरी द्वन्द्व र दुविधाहरू कम गर्दै शैक्षिक विकासमा पूरक प्रयत्नहरू गरिनुपर्दछ ।

५. स्थानीय तहको प्रासंगिकता र अवस्थाअनुसार शैक्षिक कार्यक्रमको निर्माण, आवश्यकताको निर्धारण र प्राथमिकताको छनौट गर्ने पद्धतिको लागि योजनाको फर्मेट र निर्देशिकामा सुधार गरिनुपर्दछ ।

६. योजना र कार्यक्रम निर्माण समूहको दक्षता अभिवृद्धि गरी स्थानीय योजना क्षमतालाई मजबूत बनाउनुपर्दछ ।

७. जिल्ला शिक्षा योजनामा दीर्घकालीन दृष्टिकोण, सामाजिक प्रगति र जिल्ला तहमा हासिल गर्नुपर्ने लक्ष्य प्रतिबिम्बित हुनु पर्दछ ।

८. यो योजना विद्यालय, र गाँउ स्तरीय शैक्षिक योजनाहरूको सश्लेषण हो ।

९. दक्ष कर्मचारीहरूको एउटा समूह (Pool) निर्माण गरी त्यसलाई जिल्ला शिक्षा कार्यालयले प्राविधिक सहयोग प्रदान गर्नुपर्छ ।

१०. सुपरिवेक्षण र अनुभवको साझेदारी (Sharing) लाई स्थानीय रूपमा नै संस्थागत गरिनु पर्दछ ।

# विद्यालयले प्रस्तुत गर्ने गरेको तथ्याङ्कको गुणस्तर तथा शुद्धता
# (Quality and Accuracy of School Reported Data)

## पृष्ठभूमि

शैक्षिक तथ्याङ्कको शुद्धता र गुणस्तर साधारणतया विद्यालय विवरण फारामको निर्माण कार्य-देखि लिएर विद्यालय तहदेखि केन्द्र तहसम्म हुने तथ्याङ्क संकलन, प्रशोधन, सम्पादन तथा स्थानान्तरणमा निर्भर रहेको हुन्छ । यसका साथै प्रत्येक विद्यालयले तथ्याङ्कहरूलाई संगठित ढङ्गले क्रमबद्धरूपमा राख्न आवश्यक ध्यान पुऱ्याउनुपर्दछ । यस कार्यको लागि प्रत्येक विद्यालयका प्रधानाध्यापक/शिक्षक/कर्मचारीहरूले तथ्याङ्कको आवश्यकता र महत्व बुझ्नाका साथै विद्यालय विवरण फाराम भर्दा सचेतता अपनाउनु आवश्यक हुन्छ ।

यस अध्ययनले शैक्षिक सत्रको विद्यार्थी संख्यासम्बन्धी विवरण -- तलको कक्षाबाट उर्त्तीण भई माथिल्लो कक्षामा आएका, कक्षा दोहोऱ्याउने, नयाँ भर्ना तथा अन्य विद्यालयबाट स्थानान्तरित भई आएका विद्यार्थी, कक्षा छाड्ने विद्यार्थीहरूको संख्या र उमेरगत विद्यार्थी विवरण -- सम्बन्धमा विद्यालयले सम्पादन गर्दा हुने गल्तीको सम्मात्रा (Magnitude of Errors) र क्षेत्र (Area) को अन्वेषण (Exploration) गर्ने प्रयास गरेको छ । यस प्रकारको अध्ययन मुलुकमा अभावको रूपमा खट्किएको थियो ।

यसका अतिरिक्त, यो अध्ययन विद्यालय स्तरमा हुने तथ्याङ्क गल्तीको कारण पत्तालगाई विद्यालय विवरण फाराममा गल्ती कम गरी आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोस्रो चरण) लाई सहयोग पुऱ्याउने हेतुले, साथै विद्यालय स्तरको शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई दह्रो बनाउन सहयोग पुऱ्याउने प्रयत्नको रूपमा अगाडि आएको छ ।

## उद्देश्यहरू

- विद्यालय विवरण फाराम सम्बन्धमा प्रधानाध्यापक/शिक्षक/कर्मचारीहरूको बुझाइकोस्तरको मूल्याङ्कन गर्ने ।
- विद्यालय तहमा तथ्याङ्क राखिने पद्धतिको मूल्याङ्कन गर्ने ।
- विद्यालयले सम्पादन गर्ने गरेको तथ्याङ्कमा हुने गल्तीको सम्मात्रा तथा क्षेत्रको अन्वेषण गर्ने ।

- स्थानीय विद्यालय तहमा तथ्याङ्कहरूको गल्ती गराउने कारक तत्वको पहिचान गर्ने ।
- विद्यालय तहमा गुणस्तरयुक्त तथ्याङ्क संकलन र सम्पादनका लागि सम्भावित उपायहरू सुझाव गर्ने ।

**अध्ययन विधि**

यस अध्ययनले मुख्यतया विद्यालय विवरण फाराम (सन् २००१ को शैक्षिक सत्रको) विद्यार्थी संख्यासम्बन्धी विवरण (तालिका संख्या ३.१.१), कक्षा दोहोऱ्याउने, तलको कक्षाबाट उर्त्तीण भई माथिल्लो कक्षामा आएका, नयाँ भर्ना तथा अन्य विद्यालयबाट स्थानान्तरित भई आएका विद्यार्थी र कक्षा छाड्ने विद्यार्थी संख्या (तालिका संख्या ३.२) तथा शैक्षिक सत्रको उमेरगत विद्यार्थी विवरण (तालिका संख्या ३.३) लाई जोड दिइएको छ ।

चालू शैक्षिक सत्रको विद्यार्थी संख्यासम्बन्धी विवरण विद्यार्थी हाजिर खाताबाट र कक्षा दोहोऱ्याउने, तलको कक्षाबाट उर्त्तीण भई माथिल्लो कक्षामा आएका विद्यार्थी, नयाँ भर्ना तथा अन्य विद्यालयबाट स्थानान्तरित भई आएका विद्यार्थी र कक्षा छाड्ने विद्यार्थी संख्याहरूलाई विगत र वर्तमानको परीक्षा विवरण, विद्यालयको विद्यार्थी बही खाता, नयाँ विद्यार्थी भर्ना फाराम तथा फी खाताबाट उतार गरिएको छ । त्यस्तै, शैक्षिक सत्रको उमेरगत विद्यार्थी विवरणलाई विद्यालयको विद्यार्थी बही खाता तथा नयाँ विद्यार्थी भर्ना फारामको माध्यमबाट संकलन गरिएको छ ।

त्यस्तै प्रधानाध्यापक, स्रोतव्यक्ति, व्यवस्थापन समिति सदस्य र जिल्ला शिक्षा अधिकारीहरूसंग सम्बन्धित विभिन्न प्रश्नहरू समाविष्ट भएको प्रश्नावलीको विकास गरी तथ्याङ्कहरूको विश्लेषण गरियो । यस अध्ययनले नमूनाका लागि तीनवटा जिल्लाहरूको छनौट गरी प्रत्येक जिल्लाबाट ६/६ वटा प्राथमिक विद्यालय (माध्यमिक समेत समाविष्ट प्राथमिक विद्यालय तथा प्राथमिक तह मात्र भएका विद्यालय) हरूलाई अध्ययनमा समावेश गरियो । यी उल्लिखित विद्यालयहरूबाट आएको निष्कर्षलाई समष्टिगत रूपमा राष्ट्रिय निष्कर्षको रूपमा मान्न गाह्रो परे तापनि यसले विद्यालय तहको तथ्याङ्कको स्तरीयता र शुद्धताकोबारेमा विद्यमान अवस्था भने औंल्याउने प्रयत्न गरेको छ ।

## अनुसन्धानका मुख्य निष्कर्षहरू (Major Findings)

*अ. तथ्याङ्क प्रणाली*

(१) कक्षा दोहोऱ्याउने र कक्षा छोड्ने संख्याहरूको गणना प्रक्रिया विद्यालयका तथ्याङ्क व्यवस्था गर्ने प्रबन्धक* लाई कठिन भएको पाइयो ।

१८ जना तथ्याङ्क प्रबन्धकमध्ये २ जनाले कक्षा छाड्ने संख्याको परीभाषा बुझेका रहेनछन् र ६ जनाले गणना कार्यमा कठिनाई महसूस गरेका रहेछन् । त्यसै गरी, १५ जना तथ्याङ्क प्रबन्धकले कक्षा दोहोऱ्याउने क्रमको गणना गर्न सजिलो महसूस गरेका रहेछन् भने ३ जनाले सो गणना कार्य अप्ठेरो पाएका रहेछन् ।

(२) धेरैजसो विद्यालयमा पूर्ण र संगठित तथ्याङ्क प्रणाली भएको पाइएन ।

१८ वटा विद्यालयहरूमा क्रमबद्ध र संगठित प्रक्रिया नअपनाई आफ्नै तरीकाले तथ्याङ्कहरू राख्ने गरेको पाइयो र एक विद्यालय र अर्को विद्यालयबीच तथ्याङ्क राख्ने विधि पनि अलग-अलग भएको पाइयो । सबै विद्यालयहरूमा विद्यार्थी हाजिर खाता र परीक्षा विवरण रहेको पाइयो भने ३ विद्यालयमा नयाँ विद्यार्थी भर्ना फाराम नभएको पाइयो । त्यसै गरी, अर्का ३ विद्यालयमा विद्यार्थी बही खाता नभएको पाइयो । एउटा पनि विद्यालयले एउटै खातामा फारामले माँगेका सबै विवरणहरू सम्पूर्ण रूपमा राखेको पाइएन ।

(३) उमेरअनुसारको विद्यार्थी विवरण पूर्ण रूपमा अधूरो भएको पाइयो ।

तीनै जिल्लाका १८ वटै विद्यालयहरूमा उमेर अुनसार विद्यार्थी भर्ना विवरण पूरा नभएको र विवरण अपूर्णताको कुल औसत ३७.९ प्रतिशत र जिल्लागत रूपमा बिचार गर्दा ललितपुरमा ३९.४ प्रतिशत, धनुषामा ३९.३ प्रतिशत र इलाममा ३०.९ प्रतिशत रहेको पाइयो ।

---

*विद्यालयमा तथ्याङ्कक व्यवस्थित रूपमा राख्ने जिम्मा लिएको व्यक्ति ।

उमेरअनुसार विद्यालयमा अपूर्ण तथ्याङ्क अभिलेख (कक्षागत रूपमा)

| अपूर्णताको सम्मात्रा (प्रतिशतमा) Magnitude (in percent) | कक्षा | | | | |
|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ |
| २० भन्दा तल | ५ | ३ | ५ | ५ | ४ |
| २०–४० | ६ | १० | ८ | ३ | २ |
| ४०–६० | ३ | ३ | २ | ४ | ७ |
| ६०–८० | ३ | – | २ | ५ | ५ |
| ८० भन्दा माथि | १ | २ | १ | १ | – |

४. धेरैजसो सामुदायिक र संस्थागत विद्यालयहरूका तथ्याङ्क प्रबन्धकहरूले विद्यालय विवरण फाराम भर्ने तालीम प्राप्त गरेको पाइएन ।

सर्वेक्षण गरिएका १८ वटा विद्यालयहरूमध्ये, ८ वटा सामुदायिक विद्यालयका तथ्याङ्क प्रबन्धकहरूले विद्यालय विवरण फाराम भर्ने तालीम लिएको पाइयो भने संस्थागत विद्यालयका एउटै पनि तथ्याङ्क प्रबन्धकले तालीम प्राप्त गरेको पाइएन ।

*आ. तथ्याङ्क सम्पादन गर्दा हुने गल्ती*

५. विद्यालयले रिपोट गरेको र चालू सत्रको वास्तविक विद्यार्थी संख्यामा एकरूपता (Consistency) पाइएन ।

तीन जिल्लाहरूका १२ वटा सामुदायिक विद्यालय र ६ वटा संस्थागत विद्यालयहरूलाई नमूनाको रूपमा छनौट गरी अध्ययन गर्दा कुनैले अधिक, कुनैले कम र केहीले मात्र ठीक रिपोट गरेको पाइयो । तिनीहरूमध्ये ७ सामुदायिक र १ संस्थागत विद्यालयले अधिक रिपोट गरेको, ४ सामुदायिक र १ संस्थागत विद्यालयले कम रिपोट गरेको र १ सामुदायिक र २ संस्थागत विद्यालयले ठीक रिपोट गरेको पाइयो ।

त्यस्तै कम रिपोट गर्नेले १० प्रतिशतसम्म मात्र गरेका छन् भने अधिक रिपोट गर्नेले २० प्रतिशतभन्दा बढीसम्म पनि गरेका छन् ।

६. नयाँ भर्ना तथा अन्य विद्यालयबाट स्थानान्तरित भई आएका विद्यार्थीबारे विद्यालयले गरेको रिपोट र विद्यालयमा रहेका तथ्याङ्कमा एकरूपता पाइएन । ५

वटा विद्यालयले अधिक, १२ वटा विद्यालयले कम र एउटा विद्यालयले ठीक रिपोट गरेको पाइयो ।

साथै, ६० प्रतिशतसम्म अधिक वा कम रिपोट गरिएको छ ।

७. विद्यालयले रिपोट गरेको तलका कक्षाबाट उत्तीर्ण भई आएका विद्यार्थी संख्या र वास्तविकता बीच पनि एकरूपता देखिएन ।

तलका कक्षाबाट उत्तीर्ण भई माथिल्लो कक्षामा आएका विद्यार्थीसम्बन्धमा १२ विद्यालयले अधिक, २ ले कम र ४ ले ठीक रिपोट गरेका छन् । साथै, प्रायजसो ( १४ मध्ये १३ विद्यालय) सबैको अधिक वा कम रिपोटको प्रतिशत २० भन्दा कम छ । एउटा विद्यालयले मात्र ८० प्रतिशतभन्दा बढीनै अधिक रिपोट गरेको छ ।

८. विद्यालयले रिपोट गरेको कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको तथ्याङ्क र वास्तविकताबीच एकरूपता देखिएन ।

कक्षा दोहोऱ्याउने विद्यार्थी तथ्याङ्कका सम्बन्धमा १२ विद्यालयले अधिक, ४ ले कम र २ ले ठीक रिपोट गरेका छन् । साथै, अधिक वा कम रिपोट गर्ने दुबै प्रकारका विद्यालयले ८० प्रतिशतभन्दा बढीसम्म गरेका छन् ।

९. विद्यालयले रिपोट गरेको कक्षा छाड्ने विद्यार्थीहरूको तथ्याङ्क र यथार्थबीच एकरूपता देखिएन ।

कक्षा छाड्ने विद्यार्थीहरूको तथ्याङ्क सम्बन्धमा ३ विद्यालयले बढी, ९ ले कम र ६ ले ठीक रिपोट गरेका छन् । यसमा पनि दुबै प्रकारको विद्यालयले ८० प्रतिशतभन्दा बढीसम्म कम वा अधिक रिपोट गरेका छन् ।

यी सूचकहरूमा केटा तथा केटी बीचमा उल्लेखनीय फरक नदेखिएको हुँदा तदनुरुप प्रस्तुत गरिएको छैन ।

*इ. तथ्याङ्कको रिपोट गर्दा गल्ती हुने कारणहरू*

तथ्याङ्कको गणना गर्दा र रिपोट गर्दा हुने मुख्य गल्तीहरू निम्न बमोजिम छन्:

- विद्यालय विवरण सूचना फाराममा उल्लिखित निर्देशनहरूको अपूर्णता ।
- विद्यालय विवरण फाराम भर्ने ज्ञान र शीपका अपर्याप्तता ।
- उमेरसम्बन्धी तथ्याङ्कको अपूर्णता ।

- गणना गर्ने कार्यमा जटिलता ।
- फाराम भर्ने हेलचेक्र्याइँ र तथ्याङ्कको प्रमाणिकताबारे सचेतताको कमी ।

*ई. गुणस्तरयुक्त तथ्याङ्क अभिलेख तथा तिनमा सुधार गर्ने उपायहरू र विद्यालय तथ्याङ्कहरूको शुद्धता*

- विद्यालय विवरण फाराम सरल बनाउने, त्यसमा प्रस्ट निर्देशन तथा अभ्यासको व्यवस्था गर्ने (जस्तो कक्षा छोड्ने भनेको के हो? त्यसको परिभाषा गर्ने) ।
- शिक्षा विभागले प्रस्ट निर्देशिकासहित सरल फाराम तयार गर्ने ।
- सूचकहरूको गणना गर्दा र विद्यालय विवरण फाराम भर्दा अभ्यासहरूको प्रयोग गर्ने ।
- स्रोतव्यक्तिले सामुदायिक र संस्थागत दुवै विद्यालयका तथ्याङ्क प्रबन्धकहरूलाई सूचकहरूको गणना गर्ने र फाराम भर्ने तालीम प्रदान गर्ने । यस्तो तालीमलाई अरू तालीमसँग समन्वय गर्ने (जस्तै प्र.अ. व्यवस्थापन तालीम, स्रोतव्यक्ति तालीम, विद्यालय सुधार योजना तालीम, इत्यादि ।
- जन्म प्रमाण पत्रलाई ध्यानमा राख्दै स्तरीय अभिलेख पद्धति विकसित गर्ने ।
- विद्यालयले जन्म प्रमाणपत्रलाई ध्यानमा राखेर विद्यालय अभिलेख खाताको विकास गर्ने ।
- तथ्याङ्कको महत्व र प्रयोगका सम्बन्धमा चेतना वृद्धि अभियान संचालन गर्ने ।
- शिक्षा विभाग/क्षेत्रीय शिक्षा निर्देशनालयले तथ्याङ्कको प्रयोग र महत्वबारे ५ वर्षसम्म तथ्याङ्क प्रबन्धकहरूलाई चेतना जागृत कार्यक्रमहरू दिने ।
- विद्यालयमा प्र.अ.ले र स्रोतकेन्द्रमा स्रोतव्यक्तिले चालू वर्षको भर्नासँगै, कक्षा दोहोऱ्याउने, कक्षा छाड्ने, तलका कक्षाबाट उत्तीर्ण भई माथिल्लो कक्षामा आएका र नयाँ भर्ना तथा अन्य विद्यालयबाट स्थानान्तरित भई आएका विद्यार्थीसम्बन्धी तथ्याङ्क सत्यापित (Verified) गर्ने ।
- विद्यार्थी प्रगतिसम्बन्धी तथ्याङ्कको विद्यालय व्यवस्थापन समिति र अभिभावकलाई जानकारी गराउने ।
- शैक्षिक सत्र शुरू हुनुभन्दा अगाडि विद्यालयले विद्यार्थी विवरणसम्बन्धी तथ्याङ्क विद्यालय व्यवस्थापन समिति र अभिभावकसामु राख्ने ।

*उ. तथ्याङ्क संकलन गर्ने समयसीमा कडाइका साथ लागू गर्ने*

विद्यालय

- विद्यालयले शैक्षिक सत्र शुरू भएको २ महिना र २ हप्तामा फाराम भर्ने
- विद्यालय विवरण फाराम शैक्षिक सत्र शुरू भएको ४ महिनामा जिल्ला शिक्षा कार्यालयमा पठाउने

स्रोतकेन्द्र

- स्रोतव्यक्तिले शैक्षिक सत्र शुरू भएको १ महिनामा विद्यालयलाई फाराम बाँड्ने ।
- स्रोतव्यक्तिले शैक्षिक सत्र शुरू भएको ४ महिनाभित्र फाराम संकलन गर्ने ।
- स्रोतव्यक्तिले शैक्षिक सत्र शुरू भएको ५ महिनामा चालू वर्षको भर्नासँग, कक्षा दोहोऱ्याउने, कक्षा छाड्ने, नयाँ भर्ना भई आएका विद्यार्थी, नयाँ भर्ना र अन्य विद्यालयबाट स्थानान्तरित र उमेर अनुसारको भर्ना जस्ता तथ्याङ्कहरू सत्यापित गर्ने ।
- स्रोतव्यक्तिले सत्र शुरू भएको ६ महिनाभित्र तथ्याङ्कको प्रसूचीकरण (Tabulation) र सम्पादन गर्ने ।

जिल्ला

- शैक्षिक सत्रको प्रारम्भमा नै फाराम छाप्ने ।
- शैक्षिक सत्र शुरू भएको ४ महिनामा फाराम वितरण गर्ने ।
- शैक्षिक सत्र शुरूभएको ५ महिनामा जि.शि.अ. कार्यालयले फाराम संकलन गर्ने ।
- शैक्षिक सत्र शुरूभएको ६ महिनामा प्रसूचीकरण र जिल्ला शिक्षा कार्यालयको सारांश तयार गर्ने ।
- शैक्षिक सत्र शुरू भएको ८ महिनामा सारांश क्षेत्रीय शिक्षा निर्देशनालयमा पठाउने ।

## क्षेत्रीय शिक्षा निर्देशनालय

- शैक्षिक सत्र शुरू हुनासाथ जि.शि.अ.कार्यालयमा सुधार गरिएको फाराम पठाउने ।
- शैक्षिक सत्र शुरू भएको ९ महिनामा प्रसूचीकरण र सारांश तयार गर्ने ।
- शैक्षिक सत्र शुरू भएको १० महिनामा सारांश शिक्षा विभाग पठाउने ।

## शिक्षा विभाग

- शैक्षिक सत्र शुरूभएको १० महिनामा फाराम सुधार गर्ने (आवश्यक भए) ।
- शैक्षिक सत्र शुरू हुनुभन्दा १ महिनाअगावै जिल्ला शिक्षा कार्यालय र क्षेत्रीय शिक्षा निर्देशनालयहरूलाई फाराम वितरण गर्ने ।
- शैक्षिक सत्र शुरू भएको ११ महिनामा विद्यालय तहको तथ्याङ्क प्रकाशित गर्ने ।
- शैक्षिक सत्र शुरू हुनुभन्दा १ महिनापहिले प्रकाशित सामग्री जनस्तरसम्म पुऱ्याउने ।
- शैक्षिक सत्र शुरू हुनुभन्दा एक महिनाअगावै तथ्याङ्कको प्रयोग सम्बन्धमा चेतना जागृत गराउने ।

## थप सुझावहरू

विद्यालयले रिपोट गरेको तथ्याङ्कको शुद्धतामा सुधारका लागि निम्नानुसार गर्ने :

- ५ वर्षको अन्तरालमा तेस्रो समूहले राष्ट्रलाई प्रतिनिधित्व गर्ने तथ्याङ्कको नमूना लिने ।
- क्षेत्रीय शिक्षा निर्देशनालायले जिल्ला तहमा तथ्याङ्कको वैधता र प्रमाणिकताबारे छड्के जाँच (Cross check) गर्ने ।

# पिछडिएका समूहको शिक्षाप्रति पहुँच
# (Access to Education for Disadvantaged Groups)

## उद्देश्यहरू

- विशेष लक्षित समूहको शैक्षिक अवस्था सुधारका लागि विद्यमान अवस्थामा आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोस्रो चरण) लागू गर्दा देखिएका विभेद (gap) को पहिचान गर्ने ।
- विशेष लक्षित समूहको शैक्षिक अवस्थालाई प्रभाव पार्ने प्रेरक र अनुत्प्रेरक कारकतत्वहरूको पहिचान गर्ने ।
- विशेष लक्षित समूहको शैक्षिक सहभागिता अभिवृद्धिका लागि सुझावहरू प्रदान गर्ने ।

## अध्ययन विधि

- विशेषज्ञहरूसँगको परामर्श, अभिमुखीकरण कार्यक्रम, दस्तावेज (Document) समीक्षा र प्राथमिक तथ्याङ्कहरूको संकलन गरियो ।
- अवलोकन, स्थलगत रूपमा सोधपुछ, सर्वेक्षण, अन्तर्वार्ता र विशेष लक्षित समूहसँग सहभागितामूलक छलफल गर्ने गरी अध्ययनको प्रारूप तयार गरियो ।
- सातवटा जिल्लाका १४ पकेटहरूका समुदायलाई अध्ययनको नमूनाको रूपमा छनौट गरियो ।
- विशेष लक्षित समुदायका बालबालिकाहरूको शिक्षामा सहभागिता बढाउन सरकारले धेरै किसिमका प्रोत्साहन कार्यक्रम लागू गरिसकेको छ । तीमध्ये शैक्षिक सहूलियत कार्यक्रम लागू गरिएका दुईवटा जिल्लाको अध्ययन गरियो भने नमूनाका रूपमा छनौट गरिएका अरू जिल्लाहरूमा दलितहरूको प्राथमिक विद्यालय छात्रवृत्ति कार्यक्रम, विद्यालय नक्शाङ्कन, चेतना अभिवृद्धि कार्यक्रम र वैकल्पिक विद्यालय कार्यक्रममा मुख्य रूपमा जोड दिइयो ।

## १. विद्यमान अवस्थामा विभिन्न कार्यक्रम संचालन एवं तिनको कार्यान्वयन गर्दा देखिएका विभेदहरू (gap) हरू

*अ. शैक्षिक सहूलियत कार्यक्रम*

- रूपन्देही जिल्लाका मुस्लिम बालबालिकालाई प्रदान गरिएको प्रोत्साहन कार्यक्रम र तिनीहरूका आफ्नै खास (unique) आवश्यकताबीच बेमेल (mismatch) भएको पाइयो ।
- स्थानीय गैरसरकारी संस्था र क्लबहरूको संलग्नता देखिएन ।
- शैक्षिक सहूलियत व्यवस्थापन समितिका सदस्यहरूलाई कुन विद्यालयलाई प्रोत्साहन पुरस्कार वितरण गर्ने भन्ने सम्बन्धमा राम्रो जानकारी भएको पाइएन ।
- गैरसरकारी संस्थाहरूसँगको समन्वयको अभावको कारणले यी क्रियाकलापहरूमा दोहोरोपन (Duplication) पाइयो ।

*आ. दलितहरू र प्राथमिक विद्यालय छात्रवृत्ति कार्यक्रम*

- केन्द्रबाट जारी भएको दलितहरूको सूचीले स्थानीय तहका सबै दलितहरूलाई समेटेको पाइएन ।
- स्थानीय तहमा ठूलो संख्यामा दलितहरूको मौजूदगीले स्थानीय अधिकारीहरूलाई केन्द्रको निर्देशिकाको अनुसरण गरी छात्रवृत्ति वितरण गर्नमा कठीनाइ भएको पाइयो ।
- विशेष लक्षित समूहका केही लघुक्षेत्र (Pocket) हरूमा विशेष लक्षित समूहको पहिचान हुन नसकेको पाइयो ।

*सिफारिशहरू*

- स्थानीय सरकारका निकायहरू प्रयोग गरेर विशेष लक्षित समूह बसोबास गर्ने क्षेत्र (Location) पत्ता लगाउने ।
- शैक्षिक सहूलियत कार्यक्रम (EIP) को निर्देशिकामा उल्लेख भएबमोजिम स्थानीय गैरसरकारी संस्था र क्लबहरूको परिचालन गर्ने ।
- स्थानीय सरकारसँग समन्वय गरी जि.शि.अ. कार्यालयबाट विशेष लक्षित समूहका लघुक्षेत्र अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।

- विशेष लक्षित समूह शैक्षिक सहूलियत व्यवस्थापन समितिको भूमिकाका सम्बन्धमा स्थानीय जिल्ला तहमा विस्तृत चेतना जागृत कार्यक्रम संचालन गर्ने ।
- केन्द्रबाट जिल्ला शिक्षा समिति र गाँउ विकास समितिलाई, जिल्ला र स्थानीय क्षेत्रका विशेष लक्षित समूह पहिचान गर्ने अधिकार प्रदान गर्ने ।
- छात्रवृत्तिको कोटा बढाउने ।
- स्थानीय तहमा कार्यक्रममा दोहोरोपन रोक्न सबै कुरा प्रस्ट उल्लेख भएको निर्देशिका विकसित गर्ने ।

**२. विशेष लक्षित समूहका बालबालिकाहरूको सहभागीताका लागि एक्लै वा सामूहिक रूपमा प्रभाव पार्ने उत्प्रेरक तत्वहरू (Motivating factors)**

*अ. चेतना वृद्धि कार्यक्रम (Awareness Raising Program)*

कपिलवस्तु, कैलाली र रूपन्देही जस्ता अध्ययनका निम्ति छनौट गरिएका जिल्लाहरूमा सडक नाटक, बालऱ्याली र घरदैलो कार्यक्रमले ती विशेष लक्षित समूहका बालबालिकालाई केही हदसम्म आकर्षण गरेको पाइयो ।

*आ. विद्यालयको भौतिक सुविधा*

विद्यालयमा विद्यार्थीको संख्याअनुरूप पर्याप्त मात्रामा भौतिक सुविधा भएमा विशेष लक्षित समूहका बालबालिकालाई आकर्षण गर्ने यो एउटा उत्प्रेरक तत्व हुन सक्दछ । बालबालिकाले फर्निचर, पिउने पानी इत्यादि सुविधा विद्यालयमा पाउन सके भने तिनीहरू विद्यालयप्रति आकर्षित हुन्छन् । अध्ययनका लागि लिइएका ६ वटा विद्यालयहरूमा, मुसहर, तामाङ, मुसलमान र कमैयाका बालबालिकाहरू विद्यालयप्रति आकर्षित भएका पाइए किनकि विद्यालयमा उनीहरूका लागि आवश्यक सुविधा उपलब्ध थियो ।

*इ. प्रोत्साहन (Incentive)*

सिरहा जिल्लाका विशेष लक्षित समूहका बालबालिकाहरूलाई विद्यालयप्रति आकर्षित गर्ने एउटा मुख्य तत्व श्री ५ को सरकारले पूर्वपरीक्षण (Piloting) का रूपमा लागू गरेको शैक्षिक सहुलियत कार्यक्रम (EIP) रहेको पाइयो । त्यस्तै US को DAG र SAVE कार्यक्रम पनि । कपिलवस्तु र कैलाली जिल्लाहरूमा विशेष लक्षित समूहका बालबालिकालाई विद्यालयप्रति आकर्षित गर्न किताब, कागज, पेन्सिल, विद्यालय पोशाक, मोजा, झोला र टोपी प्रोत्साहनका रूपमा

वितरण गर्ने कार्यक्रमहरू रहेका छन् । यस्ता प्रोत्साहन वितरण SUS, BASE, COPE र DPCP बाट हुने गरेका छन् ।

*ई. स्थानीय सहजकर्ता/शिक्षक*

तोकिएभन्दा कम शैक्षिक योग्यता भएको व्यक्ति भए पनि स्थानीय भाषा बोल्न सक्ने स्थानीय व्यक्ति भएकोले सहजकर्ता विशेष लक्षित समूहका ससाना बालबालिकालाई विद्यालयप्रति आकर्षण गर्ने र उनीहरूलाई पठन-पाठनमा संलग्न गराउन सक्षम देखिन्छन् ।

*उ. वैकल्पिक विद्यालय कार्यक्रम*

निकै टाढा रहेको ठाँउमा वैकल्पिक विद्यालय कार्यक्रम पनि एक उत्प्रेरक तत्वको रूपमा रहेको पाइयो । चितवनको एउटा लघुक्षेत्रमा विशेष लक्षित समूहका बालबालिकाहरू जम्मा गर्न वैकल्पिक विद्यालय कार्यक्रम पूर्ण रूपमा सफल भएको देखियो ।

*सिफारिशहरू*

- स्रोतव्यक्तिले चेतना जागृत गराउन आवश्यक परेका स्थानहरूको खोजी गर्ने र गाँउ विकास समितिका सदस्यहरू र अरू समुदायका सम्बन्धित व्यक्तिलाई भेटने, अनि आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमलाई यसबारे सूचना प्रदान गर्ने ।
- विद्यालय आफ्नै हो भन्ने भावना जगाउन र विद्यालयमा भौतिक सुविधा वृद्धि गर्न समुदायलाई परिचालित गर्ने । उदाहरणको लागि COPE ले विद्यालयमा जमीन र भवनका लागि समुदाय र साधनको परिचालन गरेको छ ।
- सरकारी तथा गैरसरकारी संस्थाहरूबीच समन्वय हुनुपर्दछ । सरकारी संस्था र गैर सरकारी संस्थाबीच क्षमताअनुसार कार्यविभाजन हुनुपर्दछ । यसका लागि नियमहरूको व्यवस्था गरिनु आवश्यक देखिन्छ ।
- टाढा वा लामो दूरीमा विद्यालय भएको ठाँउमा औपचारिक विद्यालयभन्दा वैकल्पिक विद्यालय कार्यक्रम बढी उपयुक्त हुने देखिन्छ । स्थानीय भाषा बोल्ने व्यक्तिलाई त्यस्ता विद्यालयमा पढाउन लगाउने व्यवस्था मिलाइनुपर्दछ । प्रारम्भिक अवस्थाका कक्षाहरू पढाउन त्यस्ता विद्यालयहरूमा शैक्षिक योग्यतामा बढी ध्यान दिनु त्यति उपयुक्त हुँदैन ।

## ३. विशेष लक्षित समूहका बालबालिकालाई एक्लै वा सामूहिक रूपमा सहभागिताका लागि नकारात्मक असर पार्ने प्रत्युत्प्रेरक तत्वहरू (Demotivating factors)

- केही क्षेत्रहरूमा विद्यालय घरबाट धेरै टाढाको हुनु पनि एउटा प्रत्युत्प्रेरक तत्व भएको पाइन्छ ।
- सामाजिक विभेदको मनोविज्ञान अहिले पनि प्रचलित छ । सुविधाभोगी वर्गले विपन्न वर्गका समस्याहरू अहिले पनि देख्न र बुझ्न सकेका छैनन् । आज पनि विद्यालयबाट ५ मिनेटको दूरीमा रहीकन पनि विद्यालय नजाने मुसहर केटाकेटीहरूकाबारेमा सम्बन्धित निकायहरू बेखबर छन् । त्यसै गरी, जिल्ला शिक्षा कार्यालयको विद्यालय नक्शाङ्कनको खाका (Format) भित्र विशेष लक्षित समूहका बालबालिकाको विस्तृत विवरण समावेश हुन सकेको छैन ।
- आर्थिक पक्ष अझ पनि विशेष लक्षित समूहका बालबालिकाहरूको सहभागिता जुटाउने कार्यमा बाधा पुऱ्याउने एउटा प्रमुख तत्वको रूपमा रहेको छ । तर यही मात्र जिम्मेवार तत्व भने होइन ।

*सिफारिशहरू*

- विशेष लक्षित समुदायका बालबालिकाहरूको लागि त्यो लघुक्षेत्र (pocket) मा औपचारिक विद्यालयभन्दा वैकल्पिक विद्यालय बढी उपयुक्त हुने देखिन्छ । प्रोत्साहन कार्यक्रम र वैकल्पिक विद्यालय कार्यक्रम तिनीहरूको क्षेत्रमा एकैसाथ चलाउनु पर्दछ ।
- वैकल्पिक विद्यालयमा पढ्ने विद्यार्थीहरूलाई पोशाक व्यवस्था गर्ने हो भने उनीहरूको शिक्षामा सहभागिता बढ्न सक्छ ।
- समुदायमा आधारित संगठन (CBO), गैरसरकारी संस्था (NGO), र गाँउ विकास समिति (VDC) को माध्यमबाट समुदायमा अभिभावकीय शिक्षा (Parental education) संचालन गर्नु नितान्त आवश्यक देखिन्छ ।
- प्राथमिक शिक्षक हुनाको लागि स्थानीय भाषाको ज्ञान पूर्वावश्यकता (Pre-requisite) का रूपमा हुनु पर्दछ ।
- जिल्ला शिक्षा कार्यालयको विद्यालय नक्शाङ्कन कार्यमा विशेष लक्षित समूहका बालबालिकाहरूको विस्तृत विवरण समावेश हुनुपर्दछ ता कि भविष्यमा तिनीहरूको बसोबासको क्षेत्र सजिलै थाहा पाउन सकियोस् ।

# कक्षाकोठामा प्रभावकारी शिक्षण/सिकाइ

## (Effective Classroom Teaching/Learning Practices)

### पृष्ठभूमि

कक्षाकोठामा हुने शिक्षणलाई प्रभावकारी बनाउन विद्यालयमा विभिन्न शिक्षण तथा पाठ्य-सामग्रीहरूको व्यवस्था गरिएको छ । यी सामग्रीहरूमध्ये पाठ्यक्रम, पाठ्यक्रमको विस्तृतीकरण, पाठ्यपुस्तक र शिक्षण निर्देशिका महत्वपूर्ण रहेका छन् । त्यसै गरी, शिक्षकलाई तालीम पनि प्रदान गरिएको छ । यी प्रदेय (input) प्रदान गरिनुका बावजुद, विभिन्न अध्ययनहरूले विद्यार्थीको निम्नस्तरमा रहेको शैक्षिक उपलब्धिलाई औंल्याएका छन् । ती शिक्षण पाठ्यसामग्रीहरू (पाठ्यक्रम, पाठ्यपुस्तक शिक्षक निर्देशिका र शिक्षकहरू तालीम) कुन अवस्थामा कसरी प्रयोग गरिएका छन् भनी विश्लेषण गर्ने कार्यमा यो अध्ययन मुख्य रूपमा केन्द्रित छ ।

### उद्देश्य

यो अध्ययनको मुख्य उद्देश्य भनेको कक्षाकोठामा हुने शिक्षण, शिक्षण सामग्रीको प्रयोग र शिक्षकद्वारा तालीमबाट अर्जित ज्ञानको प्रयोगमा केन्द्रित छ । विशिष्ट उद्देश्य भने यसप्रकार छन्:

- शिक्षकले विद्यार्थी मूल्याङ्कन र त्यसको प्रभाव सहित, कक्षाकोठामा हुने शिक्षणको अध्ययन र परीक्षण गर्नु ।
- शिक्षकले तालीमबाट अर्जित सीपलाई कक्षाकोठामा प्रयोग गर्ने सम्बन्धमा अध्ययन गर्नु ।
- शिक्षकले तालीमबाट अर्जित सीप कक्षाकोठामा प्रयोग गर्दा सामना गर्नु परिरहेका समस्याहरू थाहा पाउनु ।
- पाठ्यक्रमको आशय र कक्षाकोठा अभ्यासबीच कुनै विभेद (gap) भए त्यसको विश्लेषण गर्नु र सुधारका उपायहरू पत्ता लगाउनु ।
- कक्षाकोठामा प्रत्यक्ष असर गर्ने कारकतत्वहरू, जस्तै कक्षाकोठाको वातावरण, कक्षाकोठाको व्यवस्थापन, शिक्षण निर्देशिकाको प्रयोग र शिक्षकहरूद्वारा प्रयोग गरिने अन्य सहायक सामग्रीहरूको विश्लेषण गर्नु ।
- नेपालको सन्दर्भमा प्रभावकारी कक्षाशिक्षण गर्न सुझाव दिनु ।

## अध्ययन विधि

यो अध्ययनले मोरंगका ५, कास्कीका ६, र रसुवाका ५ गरी जम्मा १६ विद्यालयहरूलाई समेटेको छ । सबै प्राथमिक तहका कक्षा र विषयहरूसहित जम्मा १५३ कक्षाहरूको अवलोकन गरियो । यसका अतिरिक्त झापा जिल्लाका ४ वटा विद्यालयहरूका थप १२ कक्षाहरूको पनि अवलोकन गरियो र अरू जिल्लाबाट प्राप्त अनुभवका आधारमा झापाका स्रोतव्यक्ति र शिक्षकहरूसँग छलफलहरू भए ।

अध्ययनको मुख्य उद्देश्य भनेको अवलोकन गरिएका कक्षाहरूमा शिक्षकहरूले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, तालीम पुस्तिकाहरू कुन हदसम्म प्रयोग गर्दा रहेछन् र प्रयोगको गुणस्तर के छ भन्ने पत्ता लगाउनु हो । यसका साथै यस प्रक्रियामा अवलोकन गरिएका कक्षाहरूमा प्रयोगको भिन्नता के-कति छ, त्योसमेत थाहा पाउनु हो ।

जिल्ला शिक्षा कार्यालयका कर्मचारीहरूसँगको छलफल, शिक्षकहरूसँगको अन्तरक्रिया र कक्षा अवलोकनको आधारबाट पाठ्यसामग्री प्रयोगमा भिन्नता ल्याउने कारणहरू र तत्सम्बन्धमा सामना गर्न परिरहेका समस्याहरू निर्धारण गरियो ।

## मुख्य निष्कर्षहरू (Major findings)

*अ. कक्षाशिक्षण*

**१. प्राथमिक तहका शिक्षकहरूको कक्षाशिक्षण अभ्यास धेरै हदसम्म पाठ्यपुस्तकबाट प्रभावित रहेको पाइयो ।**

- शिक्षक-शिक्षिकाले पाठ्यपुस्तक ल्याएका रहेनछन् भने उनीहरू कक्षाकोठामा पस्ने-बित्तिकै विद्यार्थीसँग पाठ्यपुस्तक माग्छन् ।
- त्यसपछि विद्यार्थीलाई अमुक पेज पल्टाउन लगाउँछन् ।
- शिक्षक-शिक्षिकाले कुनै विद्यार्थीलाई पढन लगाउँछन् वा आफै पढ्छन् अनि आफ्नै हिसाबले व्याख्या गर्छन् ।
- तल्लो कक्षामा ठूलो समूहमा पाठ्यपुस्तक दोहोऱ्याउनु सामान्य अभ्यास भएको पाइयो भने कक्षा ४–५ मा चाहिं प्रश्नोत्तर कण्ठ गराएको पाइयो ।
- अंग्रेजी भाषाको कक्षामा चाहिं अनुवाद पद्धति (अंग्रेजीको उल्था नेपाली)मा गराएको पाइयो ।

२. **विद्यार्थीसँग सिकाइ कार्यमा सक्रिय रूपमा संलग्न शिक्षकहरूको एउटा सानो समूहले निकै राम्रो अभ्यास प्रदर्शन गरेको पाइयो ।**

- गुणन सिकाउँदा वास्तविक पदार्थ (ढुङ्गाका टुक्रा) प्रयोग गर्ने गरेको ।
- प्रोटेक्टर पहिले विद्यार्थीलाई देखाउने, त्यसपछि व्याख्या गर्ने, अनि कुनै एक विद्यार्थीलाई त्यसै गरी प्रदर्शन गर्न भन्ने, अनि सम्पूर्ण कक्षालाई अभ्यास र (Practice) गराउने र शिक्षक वरिपरि घुम्दै प्रत्येक विद्यार्थीलाई पृष्ठपोषण गर्ने गरेको पाइयो ।
- अंग्रेजी शब्द सिकाउँदा कक्षाकोठाका र विद्यालय वरिपरिका वस्तु-पदार्थ प्रयोग गरी सिकाउने गरेको पाइयो । अंग्रेजी शब्दलाई नेपालीमा उल्था गर्ने गरेको भने देखिएन ।
- शिक्षकले विद्यार्थीलाई एकअर्कासँग अंग्रेजीमा प्रश्न गर्न प्रोत्साहित गरेको पाइयो ।

*आ. कक्षाशिक्षण गर्दा पाठ्यसामग्रीको प्रयोग*

१. पाठ्यसामग्री प्रयोगका धेरै सशक्त पक्षहरू छन् । जस्तै –

- कक्षा ५ को अंग्रेजी विषयमा शिक्षक निर्देशिकाले एक घण्टी (Period) मा कति विषयवस्तु प्रदान गर्ने भन्ने सुझाव दिएको छ । यसले शिक्षकलाई कुन क्रममा कति विषयवस्तु दिने हो भन्ने कुरा निर्धारण गर्न सजिलो हुन्छ ।
- गणितको शिक्षक निर्देशिकाले एकाई परीक्षासमेत समावेश गरेको छ । यसले शिक्षकलाई समय-समयमा विद्यार्थीको उपलब्धि मूल्याङ्कन गर्न सजिलो हुन्छ ।
- नेपाली भाषाको शिक्षक निर्देशिकाले अतिरिक्त अभ्यास, प्रश्नहरू र पढ्ने अनुच्छेद (Passage) हरू र क्रियाकलापहरूसमेत प्रदान गरेको छ ।
- अंग्रेजीको पाठ्यपुस्तकको प्रत्येक खण्डका पाठ्यक्रम र शिक्षक निर्देशिकासँग सम्बन्धित सुझावहरू दिइएका छन् ।

२. पाठ्यपुस्तकसँगै शिक्षक निर्देशिकाको प्रयोगले राम्रो कक्षाशिक्षणमा निकै राम्रो परिणाम ल्याएको छ । जस्तै– विषयवस्तुलाई राम्ररी समेट्ने, दक्षता बढाउने, शिक्षक–विद्यार्थी बीचमा बढी अन्तरक्रिया हुने, विद्यार्थीले व्यक्तिगत अभ्यास गर्ने अवसर पाउने र शिक्षण-कार्यलाई सहयोग पुऱ्याउने इत्यादि ।

– अध्ययन गरिएका १५३ कक्षाहरू मध्ये १५ वटा (१० प्रतिशत) मा मात्र यस्तो अभ्यास गर्ने गरेको पाइयो । झापा जिल्लाका भने ४ वटा विद्यालयका १२ वटा कक्षाहरू अवलोकन गर्दा ८ वटामा अर्थात् ६७ प्रतिशत कक्षामा यो विधि अपनाइएको पाइयो ।

३. पाठ्यक्रममा उल्लेख भएको विषयवस्तुको अभिप्राय र शिक्षण सामग्रीहरूमा प्रतिबिम्बित अभिप्राय बीचको तादात्म्य नभएको भेटियो ।

– सिकाइ अभ्यास र पाठ्यक्रमको अभिप्राय बीचको तादात्म्य विश्लेषण गर्दा गणितमा भने निकै राम्रो पाइयो । सत्तरी प्रतिशतभन्दा बढी गणितका कक्षाहरू अवलोकन गर्दा कक्षाकोठामा समेटिएका विषयवस्तु, पाठ्यक्रमको उद्देश्यसित मेल खाने किसिमका पाइए ।

४. पाठ्यपुस्तकको प्रत्येक पाठको हरेक खण्डमा निर्देशनहरू प्रदान गरिंदा पाठ्यक्रम र कक्षाशिक्षण बीचमा उच्च स्तरको तादात्म्य पाइयो ।

– अंग्रेजी भाषाको पाठ्यपुस्तकमा यस किसिमका निर्देशनहरू विकसित गरिएको छ । तर अवलोकन गरिएका २२ मध्ये ५ कक्षाहरूमा मात्र शिक्षकले पुस्तकमा दिइएका निर्देशनहरू पालन गर्ने गरेको पाइयो ।

५. **कक्षाशिक्षणमा घोकेर संझने पद्धतिलाई जोड दिने गरेको पाइयो । सीप प्रदान गर्ने उच्च स्तरको शैक्षणिक उद्देश्यलाई कक्षाशिक्षणमा समेटिएको पाइएन ।**

*इ. तालीमबाट अर्जित सीपको प्रयोग*

कक्षाशिक्षणको अवलोकन गर्दा तालीमबाट अर्जित सीपको प्रयोगमा जोड सीमित मात्रामा दिएको पाइयो । शिक्षक तालीम प्रदान गर्दा विशेष जोड दिइएका तरीकाहरूमा कक्षाकोठाको संगठन गर्ने तरीका, श्यामपाटीको प्रयोग गर्ने तरीका, समूह निर्माणको तरीका, विद्यार्थी हाजिरी खाता र परीक्षामा प्रयोग गर्ने विधिहरू रहेको पाइए ।

- कक्षाशिक्षण (Grade Teaching) मा जोड दिइए पनि ८० प्रतिशत कक्षाहरूमा विषयशिक्षण भइरहेको पाइयो ।

- केही कक्षाका भित्ताहरूमा श्रव्य-दृश्य चार्ट, फोटोग्राफ र विद्यार्थीका कार्यहरू टाँसिएका पाइए ।

- श्यामपाटीको प्रयोग बारम्बार हुने गरेको तर केही कक्षाहरूमा, घण्टी (Period), विषय र मिति लेखनमा मात्र यसको प्रयोग सीमित हुने गरेको भेटियो ।

- शिक्षकहरूले समूह कार्यको महत्व महसूस गरेको पाइयो तर समूह निर्माण कार्यमा उनीहरू सक्षम भएका भने देखिएन ।

सुझावहरू

१. शिक्षक निर्देशिकाहरूको पूरा सेट विद्यालयमा प्रदान गर्ने ।

२. पाठ्यक्रमको अभिप्रायलाई पूरा गर्न सक्ने शिक्षण तथा सिकाइलाई व्यावहारिक सहयोग हुने सामग्रीहरू भएको पाठ्यपुस्तकको विकास गर्ने ।

३. शिक्षकसित सम्बन्धित पाठ्यसामग्री (पाठ्यक्रम, विषय विस्तृतीकरण, शिक्षक निर्देशिका र सिकाई उपलब्धी) समेट्ने एउटा शिक्षण-पुस्तिका (Handbook) शिक्षकका लागि तयार पार्ने ।

४. पाठ्यक्रमका सामग्रीहरू र तालीमबाट अर्जित ज्ञान र सीप कक्षाकोठामा प्रयोग गर्न सकिने विद्यालय वातावरणको निर्माण गर्ने ।

- शिक्षकहरूमाझ विद्यालयको समस्या, शिक्षण सामग्रीहरूको प्रयोग, कक्षा कोठामा सीप हस्तान्तरण, शिक्षकले तालीममा हासिल गरेका ज्ञान आदि विषयमा नियमित छलफल हुनुपर्ने ।

- शिक्षकहरूले एकअर्काको कक्षा राम्ररी अवलोकन गर्ने र आवश्यक सुझाव दिने ।

- समूह मिली सिकाउने र यसका उपलब्धिहरू बैठकमा छलफल गर्ने ।

- शिक्षकहरूले छिमेकी विद्यालयमा छोटो समयको भ्रमण गर्ने कार्यक्रम बनाउने ।

- यस्तो शिक्षक सहयोग प्रणालीको निर्माण र विकास गर्ने जसले कक्षामा पाठ्यक्रम लागू गर्दा परिवर्तन ल्याउन सकोस् । यस्तो सहयोग प्रणालीमा निम्न कुरा समावेश गर्ने:

- क्रियाकलापमा आधारित शिक्षण कार्यका लागि चाहिने शिक्षण सामग्रीहरू निर्माण गर्न आवश्यक पर्ने वस्तु उपलब्ध गराउने ।

- तालीमको विषयवस्तु नेपाली परिवेशमा केन्द्रित र प्राथमिक कक्षाको वास्तविकतासँग मेल खाने बनाउने ।

- शिक्षकलाई पालैपालो पुर्नताजगी तालीम प्रदान गर्ने ।

- अनुभवको साटासाट गर्दै अघि बढ्ने ।

# नेपालमा विद्यालय प्रभावकारीताबारे एक अध्ययन : विभिन्न सूचकहरूको सश्लेषण

# (School Effectiveness: A Synthesis of Indicators)

## पृष्ठभूमि

सन् १९८४ मा प्राथमिक शिक्षा परियोजना लागू भएयता नेपालमा आधारभूत तथा प्राथमिक शिक्षा क्षेत्रमा सरकारी संलग्नतामा उल्लेखनीय रूपमा वृद्धि भएको छ । विद्यालयहरूमा सरकारी संलग्नता खास गरेर आपूर्ति प्रेरित (Supply-driven) रहेको देखिन्छ । यस्तो नीति एकातिर दिगोपनाको हिसाबले असफल देखिन्छ भने अर्कातिर बढ्दो सरकारीकरणले गर्दा विद्यालयहरूले आत्मनिर्भर हुनेतर्फ कमै चासो दिएको पाइन्छ । विद्यालयहरूमा बढ्दो सरकारीकरणले गर्दा विद्यालयको व्यवस्थापन तथा दैनिक संचालनमा स्थानीय समुदायको सहभागिता समेत क्रमश: न्यून हुदै गइरहेको छ । यसरी एकातर्फ सरकारी संसाधनको कमीले गर्दा विद्यालयहरूमा शैक्षिक तथा आर्थिक सहयोग अपर्याप्त रहेको छ भने समुदायको घट्दो संलग्नताले गर्दा विद्यालयहरू दोहोरो मारमा परेका देखिन्छन् । तसर्थ हाम्रोजस्तो अल्प विकसित देशमा शैक्षिक विकासका लागि साधन र स्रोतहरूको सही उपयोग गरी बढीभन्दा बढी फाइदा लिनु नितान्त आवश्यक भइसकेको छ । स्रोत र साधनहरूको उचित प्रयोग र उपलब्धिमूलक वितरण गरी शिक्षामा दिगो विकास गर्नका लागि प्रभावकर कारक तत्वहरू (Influencing factors) को विश्लेषण हुनु नितान्त आवश्यक छ ।

यसै प्रसंगमा शिक्षा मन्त्रालयले प्राथमिक तहका १ देखि ५ सम्मका सबै कक्षाका विद्यार्थीहरूको शैक्षिक उपलब्धि मापन गर्न श्रृङ्खलाबद्ध रूपमा अध्ययन गराइसकेको छ । यसै गरी, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको दोस्रो चरणमा समेत विद्यार्थीहरूको न्यूनतम सिकाइ स्तर (Minimum Learning Level) वृद्धि गर्नका लागि विभिन्न कार्यक्रमहरू अघिसारेको छ । तर अझै पनि हामीलाई के-कस्ता शैक्षिक प्रदेयहरू (Educational inputs) विद्यार्थीहरूको सिकाइ अभिवृद्धिका लागि प्रभावकारी हुन्छन् भन्ने थाहा छैन । यसै गरी, विद्यालयहरूमा सहयोगस्वरूप उपलब्ध गराइने संसाधनहरूको परिमाण तथा गुणस्तर अर्को पक्ष हो जसको विश्लेषण विद्यालयहरूको प्रभावकारिता अध्ययनका लागि आवश्यक हुन्छ ।

यस अध्ययनको प्रमुख विषय भनेको विभिन्न शैक्षिक सूचकाङ्कहरूको विश्लेषण गरी विद्यालयहरूको प्रभावकारितामा प्रकाश पार्नु हो । यसको अलावा यस अध्ययनले हाम्रो

परिवेशमा विद्यालय प्रभावकारिताका विभिन्न पक्षहरूलाई बुझ्नाका लागि एउटा जानकारी/अनुभव आधारित (informed basis/empirical basis) सैद्धान्तिक अवधारणाको विकास गर्ने जमर्को समेत गर्न खोजेको छ ।

## अध्ययनका उद्देश्यहरू

- विद्यार्थी भर्ना दर, विद्यालयमा विद्यार्थीको शैक्षिक निरन्तरता, कक्षागत उपलब्धि र विद्यालयको शैक्षिक अवस्थाका आधारमा विद्यालयको प्रभावकारिताको विश्लेषण गर्नु ।
- विद्यार्थीको आर्थिक अवस्था तथा सामाजिक–सांस्कृतिक परिवेशले विद्यालयको प्रभावकारितामा पार्ने प्रभावको अध्ययन गर्नु ।
- विद्यालयप्रति समुदाय तथा अभिभावकहरूको अवधारणाको अध्ययन गर्नु ।

## अध्ययन विधि

हालसालै, सन् २००१ मा सम्पन्न "Setting National Achievement of Grade 3 Students" विषयक अध्ययनमा छनौट गरिएका १७१ विद्यालयहरूलाई नै यस अध्ययनका लागि विद्यालय छनौटको समाधार (Sampling Frame) का रूपमा लिइएको छ । उक्त १७१ विद्यालयहरू मध्ये गणित, नेपाली र सामाजिक शिक्षा विषयमा लिइएको परीक्षाको नतिजाका आधारमा उत्कृष्ट १० र निकृष्ट १० विद्यालयहरू गरी जम्मा २० विद्यालयहरू यस अध्ययनका लागि नमूनास्वरूप लिइएका थिए ।

अध्ययनका लागि तथ्याङ्क संकलन गर्न विद्यालयको अवलोकन र अन्तर्वार्ता दुबै तरीका प्रयोग गरियो । विद्यालयको भौतिक पक्षका सम्बन्धमा खास गरेर अवलोकन प्रक्रिया अपनाइयो भने विद्यालयको शैक्षिक अवस्था तथा विद्यार्थीहरूको उपलब्धिलाई लिएर शिक्षकहरूसँग अन्तर्वार्ता गरियो ।

अध्ययनका लागि सहयोग हुने विवरण संकलनका लागि विभिन्न प्रकारका तीनवटा तथ्याङ्क संकलन फारामहरू प्रयोग गरिए । विद्यालयको रजिष्टर, बहिखाता, शिक्षक, विद्यार्थी तथा अभिभावकहरू यस अध्ययनका लागि तथ्याङ्क संकलनका मुख्य स्रोतहरू रहेका थिए ।

**अध्ययनका निष्कर्षहरू (Findings)**

१. सामुदायिक विद्यालयहरूमा खास गरेर दलित तथा विपन्न वर्गको भर्नादर बढेको छ ।

अध्ययनमा समावेश विद्यालयहरूमा दलित र विपन्न वर्गको भर्नादर सन् १९९९ मा १४.४ प्रतिशत थियो भने सन् २००० मा १४.८ र सन् २००१ मा १६.४ प्रतिशत पुगेको पाइयो ।

१.क) कक्षा १ मा कम उमेरका विद्यार्थीहरूको भर्नादर सन् २००१ मा उल्लेखनीयरूपमा बढेको भएको पाइयो । कम उमेर भर्नादर सन् १९९९ मा ०.६ प्रतिशत मात्र रहेकोमा सन् २००० मा ३.१ प्रतिशत र सन् २००१ मा १७.२ प्रतिशत पुगेको पाइयो ।

१.ख) कम उमेर समूहका बालबालिकाहरूको बढ्दो अनुपातका कारण कक्षा १ मा कक्षा दोहोऱ्याउनेहरूको संख्यामा पनि उल्लेखनीय वृद्धि भएको छ ।

यो दर सन् १९९९ मा १५.३ प्रतिशत रहेकोमा सन् २००० मा १४.३ हुँदै सन् २००१ मा २५ प्रतिशत पुगेको पाइयो ।

२. कक्षाका औसत विद्यार्थी संख्या (Average class size) र विद्यार्थीहरूको उपलब्धि स्तर (achievement level) बीच विपरीत सम्बन्ध (inverse relationship) रहेको छ । अर्थात् कक्षाको विद्यार्थी संख्या कम भएमा विद्यार्थीहरूले बढी सिक्ने गरेको पाइयो ।

३. सिकाइ उपलब्धि उच्च रहेका विद्यालयहरूका औसत कक्षामा विद्यार्थी संख्या कम छ भने प्रतिविद्यार्थी सरदर लागत बढी छ ।

४. विद्यार्थीको शैक्षिक निरन्तरता (Retention) उच्च रहेका विद्यालयहरूमा प्रतिविद्यार्थी लागतको अनुपात पनि उच्च रहेको छ ।

साधारणतया सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूको सरदर निरन्तरता न्यून (३५ प्रतिशत) र यसको अन्तर २५ देखि ४३ प्रतिशत सम्म रहेको पाइयो ।

५. विद्यालयको राम्रो भौतिक अवस्थाले विद्यार्थीहरूको भर्ना दर, निरन्तरता र सिकाई उपलब्धिमा सकारात्मक प्रभाव पारेको छ ।

प्रति विद्यार्थी लागतको अनुपात उच्च रहेका विद्यालयहरूमा विद्यार्थीहरूको निरन्तरता र उपलब्धि स्तर उच्च छ भने औसत कक्षाको विद्यार्थी संख्या कम छ ।

## अध्ययनबाट प्राप्त तथ्यहरूको विश्लेषण तथा कार्यान्वयनका लागि सुझावहरू

### *१. विद्यालयको भौतिक अवस्था र प्रतिविद्यार्थी लागत*

विद्यालयको भौतिक अवस्था र प्रतिविद्यार्थी लागत दुबैले विद्यालय प्रभावकारिता मापक मुख्य सूचकहरू, (जस्तै विद्यार्थी भर्नादर, कक्षोन्नति (promotion) र सिकाइ उपलब्धीमा सकारात्मक प्रभाव पारेको छ ।

विद्यालयहरूको भौतिक सुविधामा विस्तार निःसन्देह महँगो हुन्छ तापनि सिकाइ उपलब्धि र कक्षोन्नतिमा हुने प्रगतिले गर्दा खेर गइरहेको स्रोत र साधनमा उल्लेखनीय रूपमा कमी आउँछ र यो लागत पछि धेरै प्रभावकारी हुन्छ ।

विद्यालयमा छात्राहरूका लागि बेग्लै शौचालय, खानेपानीको व्यवस्था, खेलमैदान, पुस्तकालय, विज्ञान प्रयोगशाला आदि महत्वपूर्ण भौतिक सुविधाका रूपमा देखिन्छन् । विद्यालयहरूको भौतिक सुविधा विस्तार गर्दा तत्काल पर्न सक्ने आर्थिक दबावलाई न्यून गर्न निम्न रणनीति अपनाउन सकिन्छ :

- प्राथमिक विद्यालयहरूमा उपलब्ध हुनुपर्ने न्यूनतम भौतिक सुविधाहरूको सं-सूची (inventory) तयार गर्ने ।
- विद्यालयको भौतिक अवस्था तथा अवस्थाहरूको विश्लेषण गरी अपेक्षित नतिजाका आधारमा चरणबद्ध रूपमा विद्यालयहरूलाई सुविधा उपलब्ध गराउने ।
- विद्यालयलाई न्यूनतमरूपले भौतिक सुविधायूक्त बनाउन नीजि क्षेत्र लगायत समुदायको सहभागीताका उपायहरू अवलम्वन गर्ने ।

### *२. विद्यार्थी भर्ना*

सामुदायिक विद्यालयमा विपन्न वर्गका विद्यार्थीहरूको भर्ना दरमा वृद्धि हुनु सकारात्मक हो । तर विपन्न वर्गका अधिकांश विद्यार्थीहरूले कक्षा दोहोर्‍याउने र कक्षा छाड्ने गरेका तथ्यहरू विभिन्न अध्ययनहरूबाट पनि सार्वजनिक भइसकेका छन् । यसर्थ यस वर्गका विद्यार्थीहरूको निरन्तरता र सिकाइ उपलब्धि बढाउनु विद्यालयहरूका लागि प्रमुख चुनौती हुन सक्छ जसका लागि निम्न प्रक्रियाहरू अपनाउन सकिन्छन्:

- विपन्न वर्गका विद्यार्थीहरूको समस्याहरू पहिचान गरी विद्यालय समुदायद्वारा सम्भव भएसम्म आर्थिक सहयोग गर्ने र अभिभावकलाई जागरूक बनाउने ।

- विपन्न वर्गका विद्यार्थीहरूलाई विद्यालयमा समान अवसर, समान व्यवहार र समान वातावरण उपलब्ध गराउन शिक्षकहरूलाई आवश्यक तालीम तथा निर्देशनका साथै शिक्षकहरूलाई पुरस्कारको समेत व्यवस्था गर्ने ।

- औपचारिक तथा अनौपचारिक शिक्षा कार्यक्रमहरूबीच समन्वय गरी उत्पादनमूलक कार्यक्रमहरूमा लगानी अभिवृद्धि गर्ने ।

- कक्षा १ मा कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने दर उच्च रहेकाले प्राथमिक तहको कक्षा १ प्रमुख चुनौतीको रूपमा रहेको छ । यसको प्रमुख कारणको रूपमा कक्षा १ मा कम उमेरका विद्यार्थीहरूको भर्नादरमा भएको उल्लेखनीय वृद्धिलाई लिन सकिन्छ ।

यसबाट उत्पन्न विविध समस्याहरू समाधान गर्न निम्न उपायहरू अवलम्बन गर्न सकिन्छ:

- प्राथमिक तहको शुरूवात पूर्व-प्राथमिक तहबाट गर्ने र खासगरेर सामुदायिक विद्यालयहरूलाई पूर्व-प्राथमिक तह संचालन गर्न उत्प्रेरित गर्ने । सामुदायिक विद्यालयहरूमा पूर्व-प्राथमिक कक्षा खोल्नाले कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने प्रवृत्तिमा उल्लेखनीय सुधार ल्याउन सकिन्छ ।

- पूर्व-प्राथमिक तहका विद्यार्थीको पठन-पाठनका लागि आवश्यक सामग्रीहरूको विकास गर्ने र तदनुसार शिक्षकहरूलाई आवश्यक तालिम दिने ।

*३. कक्षाको औसत विद्यार्थी संख्या*

- विद्यार्थीहरूको सिकाइ उपलब्धि अभिवृद्धिका लागि कक्षामा कम विद्यार्थी (खास गरेर तल्लो कक्षाहरूमा) ज्यादै प्रभावकारी रहेको तथ्य विभिन्न अध्ययन अनुसन्धानहरूले देखाएका छन् । यस अध्ययनबाट समेत सोही कुराको पुष्टि भएको देखिन्छ । तापनि नेपालको सन्दर्भमा कक्षाको विद्यार्थी संख्या कति हुनुपर्छ र यसबाट विद्यार्थीहरूको सिकाइ उपलब्धिमा कस्तो प्रभाव पर्न सक्दछ भन्नेबारे विस्तृत अध्ययन गरिनुपर्दछ ।

# आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोस्रो चरण) का लागि गरिएका अध्ययनहरूको स्टक-टेकिङ्ग

# (Stock-taking of the BPEP II Studies)

## पृष्ठभूमि

फर्मेटिव रिसर्च प्रोजेक्टअन्तर्गत ठूलो तहमा अनुसन्धानका प्रयत्नहरू भइरहेका सन्दर्भमा सेरिडले अनुसन्धानका थुप्रै क्रियाकलापहरू आरम्भ गरिसकेको छ । फर्मेटिव रिसर्च प्रोजेक्टको मुख्य उद्देश्य व्यावहारिक प्रवृत्तिका अनुसन्धानहरू सम्पन्न गरी आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोस्रो चरण) को कार्यान्वयनमा सुगमता ल्याउनु रहेको छ । आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको प्रथम चरणमा नै थुप्रै अनुसन्धानहरू भइसकेका छन् । सन् १९९३ देखि ९८ सम्ममा गरिएका २१ वटा यस्ता अनुसन्धानहरूको सारांश तयार भई आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमले त्यसलाई "आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमले गरेका मुख्य अध्ययनहरूको सारांश (१९९३–१९९८)" शीर्षकमा जुलाई १९९९ प्रकाशित पनि गरिसकेको छ ।

सन् १९९९ यता पनि शिक्षा मन्त्रालय र शिक्षा विभागको नेतृत्वमा यस्ता अनुसन्धानहरू भइरहेका छन् । यो प्रतिवेदनले सन् १९९९ यता भएका अनुसन्धानहरूका मुख्य निष्कर्षहरू (Findings) र सुझावहरूको पुनरावलोक गरी फर्मेटिव रिसर्च प्रोजेक्टलाई अनुसन्धान गर्ने क्षेत्र निर्धारण गर्न र त्यसमा अनुसन्धान गर्न सहयोग पुऱ्याउने आशा गरिएको छ ।

अध्ययनका उद्देश्यहरू

१. आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमसँग सम्बन्धित क्षेत्रहरूमा पहिले नै भइसकेका अनुसन्धानहरूको सूची तयार गर्ने ।

२. मुख्य-मुख्य अध्ययनहरूबाट पहिचान भएका प्रमुख निष्कर्षहरू, सिफारिशहरू र मुद्दाहरू (issues) मा प्रकाश पार्ने ।

३. अध्ययनार्थ प्रयोग गरिएका अध्ययन विधिहरूका आधारमा पूर्वाध्ययन गरिएका प्रतिवेदनहरूको संक्षेपमा गुणस्तर निर्धारण गर्ने ।

४. शिक्षा विभागबाट गरिएका अध्ययनहरूका निष्कर्षहरूलाई केन्द्रीय स्तरदेखि स्रोतकेन्द्र स्तरसम्म अभिप्रसार (Disseminate) गर्ने संयन्त्रको सुझाव गर्ने ।

यस अध्ययनले फर्मेटिव रिसर्च प्रोजेक्टअन्तर्गत गरिने अनुसन्धानहरूको क्षेत्र (Area) पहिचान गर्ने आशा गरिएको छ।

अध्ययन विधि

अध्ययनका सम्बन्धमा क्रमैसँग तलका विधिहरू अपनाइए:

(क) आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोस्रो चरण) को कार्यान्वयनको अभ्यास र प्रगतिको अध्ययन।

(ख) आधारभूत तथा प्राथमिक शिक्षा परियोजनासँग सम्बन्धित दस्तावेज (Documents), अनुसन्धान र अध्ययन प्रतिवेदनहरूको पहिचान।

(ग) सम्बन्धित दस्तावेजहरूको सूचीको तयारी।

(घ) दस्तावेजहरू र अध्ययन प्रतिवेदनहरूको अध्ययन।

(ङ) "आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको पहिलो चरणमा गरिएका केही मुख्य अध्ययनहरूको सारांश १९९३-१९९८" (आधारभूत तथा प्राथमिक शिक्षा १९९९) को पुनरावलोकन।

(च) आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाका घटकहरू (Components) सम्बन्धमा अध्ययन गरिएका दस्तावेजहरूका निष्कर्षहरू र सिफारिशहरूको विश्लेषण।

(छ) आधारभूत तथा प्राथमिक शिक्षाका घटकहरूको कार्यान्वयनका लागि सहयोग पुऱ्याउने अनुसन्धान क्षेत्रहरूको पहिचान।

(ज) फर्मेटिव रिसर्च प्रोजेक्ट संयोजकसँगको नियमित छलफल।

पुनरावलोकन गरिएका अनुसन्धानका दस्तावेजहरू र प्रतिवेदनहरूको संख्या:

(क) विस्तृत अध्ययन (Comprehensive study) दस्तावेज अध्ययनहरू – ५

(ख) विशेष लक्षित समूहको शिक्षा – २

(ग) बालविकास – ३

(घ) छात्राशिक्षा – १

(ङ) विद्यार्थी मूल्याङ्कन – ३

(च) आवर्तक शिक्षक तालीम (Recurrent Training) – १

(छ) प्रमाणपत्र शिक्षक तालीम (Certification Training) – ३

(ज) संस्थागत सुदृढीकरण क्षमता अभिवृद्धि – २

(झ) आन्तरिक सक्षमता (Internal Efficiency) तथा विद्यार्थी नियमितता – २

(ञ) द्विभाषिक शिक्षा (Bilingual Education) (पाठ्यक्रम र पाठ्यपुस्तक) – १

## अनुसन्धानका निष्कर्षहरू (Findings)

आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमका घटक (Component) हरूसँग सम्बन्धित निष्कर्षहरूको विश्लेषणात्मक अध्ययन गरी तयार पारिएको अनुसन्धानका प्राथमिकता क्षेत्रहरू सारांशमा प्रस्तुत गरिएको छ ।

अनुसन्धान प्राथमिकताका क्षेत्रहरू

| आ.प्रा.शि.का.का कार्यक्रम क्षेत्रहरू (components) | अनुसन्धानका क्षेत्र (Areas of Research) |
|---|---|
| (क) भौतिक सुविधा | • स्रोतकेन्द्रमा उपलब्ध भौतिक सुविधाहरूको उपयोग |
| (ख) वैकल्पिक शिक्षा | • वैकल्पिक शिक्षा कार्यक्रमको मूल्याङ्कन<br>• वैकल्पिक शिक्षा कार्यक्रमको अनुगमन र सुपरिवेक्षण<br>• अनौपचारिक शिक्षा केन्द्रको जिल्ला स्तरमा भूमिका |
| (ग) छात्राशिक्षा | • पूर्वपरीक्षण योजनाहरू (Pilot Schemes) को मूल्याङ्कन<br>• व्यापक रूपमा छात्रवृत्ति प्रदान गर्ने आर्थिक संभाव्यता |
| (घ) विशेष लक्षित समूहको शिक्षा | • आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको प्रोत्साहन र छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता |
| (ङ) शिशुविकास | • शिशुविकास कक्षाहरूको सुपरिवेक्षण |
| (च) साक्षरता | • महिला शिक्षा (WEP II) मा निम्न भर्नादरका कारणहरू |
| (छ) विद्यार्थी मूल्याङ्कन | • विद्यालय निरीक्षकहरू र स्रोतव्यक्तिद्वारा विद्यालयको निरीक्षण |
| (ज) निरन्तर तालीम | • समष्टिगत विद्यालय विकास तालीमको शिक्षकद्वारा प्रयोग |
| (झ) प्रमाण-पत्र तालीम | • प्राथमिक शिक्षक तालीम केन्द्रको शिक्षक तालीमको गुणस्तर पक्ष<br>• दूर शिक्षा तालीम केन्द्रको गुणस्तर<br>• प्राथमिक शिक्षा तालीम केन्द्रको शिक्षक तालीमको व्यवस्थापन<br>• प्राथमिक शिक्षा तालीम केन्द्रको व्यवस्थापन (भौतिक सुविधासहित) |
| (ञ) केन्द्रीय स्तरका संस्थाहरूको सुदृढीकरण | • शैक्षिक व्यवस्थापन सूचना प्रणालीको मन्त्रालय, विभाग र जिल्ला शिक्षा कार्यालय तहमा सुदृढीकरण<br>• मन्त्रालय, विभाग र केन्द्रीय स्तरका संगठनहरूमा प्रशासनिक अभ्यासमा सुधार |

| | |
|---|---|
| | • जिल्ला तहमा कार्यक्रम कार्यान्वयनको अनुगमन र सुपरिवेक्षण प्रणाली |
| (ट) जिल्ला शिक्षा योजनाको सुदृढीकरण | • जिल्ला शिक्षा योजनको सुदृढीकरणमा योजना तर्जुमा कर्मचारीहरूको आवश्यकता<br>• जिल्ला शिक्षा योजनाको तयारी गर्ने निर्देशिकाको पुनरावलोकन<br>• जिल्ला शिक्षा योजनाको तालीम र अभिमुखीकरणको पुनरावलोकन<br>• जिल्ला शिक्षा योजना अद्यावधिक गर्ने सम्बन्धमा विभागको निर्देशिका |
| (ठ) स्थानीय क्षमताको सुदृढीकरण | • विद्यालय सुधार योजनाको तयारीसम्बन्धी निर्देशन पुस्तिका (Manual) को तयारी<br>• विद्यालय सुधार योजनामा प्रधानअध्यापक (प्र.अ.) तालीम र कर्मचारी तालीम सामग्रीको तयारी<br>• शैक्षिक व्यवस्थापन सूचना प्रणालीको विद्यालय तहमा विकास र यसको सहयोगको आवश्यकता<br>• तलबाट माथिको विकेन्द्रित योजना प्रक्रियाको अभिमुखीकरणका लागि सामग्रीहरूको विकास । |

२०५८ मा श्री ५ को सरकारले शिक्षा ऐन २०२८ मा सातौं संशोधन गऱ्यो । यसको स्थानीय स्तरमा शैक्षिक व्यवस्थापन र वित्तीय क्षेत्रमा पर्ने प्रभावका सम्बन्धमा फर्मेटिव रिसर्चले अध्ययन संचालन गर्ने विचार गर्न सक्छ ।

## अनुसन्धानका निष्कर्षहरू (Findings) प्रसार गर्ने संयन्त्र

### *अनुसन्धानको उद्देश्य*

सामान्यत: शैक्षिक अध्ययन र अनुसन्धानहरू ज्ञानको अभिवृद्धिका लागि वास्तविकता थाहा पाउँन र विभिन्न घटक (Component) हरूबीचको सम्बन्ध थाहा पाउनका लागि तथा कार्यसम्पादन गर्न र मुद्दा (issues) हरूको समाधानका लागि पनि गरिन्छन् । अध्ययन अनुसन्धानका निष्कर्षहरू: (क) नीतिनिर्माताहरू, (ख) विश्व विद्यालयका प्राज्ञिक व्यक्तिहरू, (ग) कार्यक्रम कार्यान्वयनकर्ताहरू, (घ) विद्यालयका शिक्षकहरू तथा (ङ) अभिभावक र जनसाधारणका लागि उपयोगी हुन सक्छन् ।

नीतिनिर्माताहरूले विगतका नीति र कार्यक्रमको मूल्याङ्कनको आधारमा विभिन्न नीति र कार्यक्रमकोसम्भावित असर वा प्रभावको आँकलन गर्न सक्दछन् । प्राज्ञिक व्यक्तिहरूले पाठ्यक्रम वा पाठ्यपुस्तकको उचित विषयवस्तु यसै अध्ययनको आधारमा समावेश गर्दछन् ।

कार्यक्रम कार्यान्यनकर्ताहरू कार्यक्रमको प्रगति र त्यसमा सुधारका लागि चाल्नुपर्ने पाइला थाहा पाएर लाभान्वित हुन्छन् । विद्यालयका शिक्षकहरू शिक्षामा देखिएका आधुनिक प्रवृत्तिहरू थाहा पाएर स्थानीय शैक्षिक मुद्दाको निर्धारण गर्न सक्षम हुन्छन् ।

नेपालमा धेरैजसो शैक्षिक अनुसन्धान वा अध्ययन परियोजनाहरू कुनै खास कार्यक्रम वा नीतिको प्रभावकारिता निर्धारण गर्नका लागि संचालन गर्ने गरिन्छन् । कुनै पनि अध्ययन वा अनुसन्धानमा लागत लाग्छ नै । यसरी कुनै संगठन वा वित्तीय निकायले वित्तीय सहायता प्रदान गरेका खण्डमा मात्र अध्ययन-अनुसन्धान गर्ने गरिन्छ । अनुसन्धान गर्ने समूह वा अनुसन्धान निकायको अध्ययन कार्य (सर्वेक्षण, केस स्टडी, तथ्याङ्क संकलन, मूल्याङ्कन इत्यादि) वित्तीय सहायता प्रदान गर्ने निकायले दिएको अध्ययन क्षेत्रसम्बन्धी शर्तहरू (Terms of reference) पूरा गरेर मात्र सम्पन्न हुन सक्छ । अनि अध्ययन अनुसन्धानको उद्देश्यचाहिं वित्तीय सहायता प्रदान गर्ने संगठन वा निकायको चाहना पूरा गर्ने हुन पुग्छ ।

अध्ययन कार्यको अन्ततिर अध्ययन प्रतिवेदन सम्पन्न भएमा त्यो प्रतिवेदन आकस्मिक रूपमा अरू विभिन्न उद्देश्यका लागि प्रयोग गर्ने प्रयोगकर्ताका लागि उपयोगी हुन सक्छ (जस्तो अनुसन्धान-कर्ताहरूलाई सन्दर्भ सामग्रीका लागि) ।

*प्रसारको उद्देश्य*

अध्ययन, अनुसन्धानका निष्कर्षहरू प्रसार गर्नाको मुख्य उद्देश्य कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा सरोकारवाला व्यक्तिहरूलाई कार्यक्रम कार्यान्वयनको प्रगतिबारे सचेत गराउनु र, अझ भन्ने हो भने, सुधारात्मक उपायहरूको प्रयत्नका लागि तिनीहरूलाई तयार गर्नु हो ।

नीतिसम्बन्धी अध्ययनको पहुँचले वरिष्ठ अधिकृतहरूलाई नयाँ ज्ञान र सीप प्रदान गरी उनीहरूलाई नयाँ नीतिमा समाविष्ट हुन सक्षम तुल्याउँछ ।

नेपालमा सामान्यतया अनुसन्धानको प्रतिवेदनलाई प्रसार हुनबाट रोक्ने प्रचलन छ । प्रायः प्रतिवेदनका केही प्रतिहरू यताउता जान्छन् र सारांश उपलब्ध हुन मुश्किल हुन जान्छ ।

सरोकारवालाहरू र सामान्य व्यक्तिहरूबाट सकारात्मक विचार उत्पन्न हुन प्रसारको आवश्यकता पर्दछ र यो सहभागितामूलक योजनाको अभिन्न अंग पनि हो ।

नीतिगत अध्ययन, कार्यक्रम मूल्याङ्कनसम्बन्धी अध्ययन, कार्यक्रम कार्यान्वयन र व्यवस्थापन अध्ययन, र मानव संसाधन विकाससम्बन्धी अध्ययनहरूले मुख्य रूपमा नीतिनिर्माता तथा केन्द्रीय स्तरका कार्यान्वयनकर्ताहरूलाई सम्बोधन गर्दछन् । यसरी यस्ता अनुसन्धानहरूका निष्कर्षहरू मुख्य रूपमा केन्द्रीय तहमा प्रस्तुत गरिनुपर्दछ । पाठ्यक्रम, पाठ्यपुस्तक, विद्यार्थी मूल्याङ्कन, छात्राशिक्षा, शिशुविकास र अनौपचारिक शिक्षासम्बन्धी अध्ययनहरू सम्बन्धित क्षेत्रका विषयविशेषज्ञहरूका लागि निकै उपयोगी हुन सक्छन् । सम्बन्धित क्षेत्रका विशेषज्ञहरूले अनुसन्धानका निष्कर्षहरूलाई आफ्ना विषय क्षेत्र र कार्यक्रम सुधारका लागि प्रयोग गर्न  सक्दछन् ।

जिल्ला तहमा जिल्ला शिक्षा अधिकारी, त्यहाँका कर्मचारी, र विद्यालय निरीक्षक र स्रोतव्यक्ति खास गरी विद्यालय तहमा गुणस्तर उकास्ने मुद्दामा विकेन्द्रित तहमा कार्यक्रमको प्रस्तुतिबाट लाभान्वित हुन सक्छन् ।

आ.प्रा.शि.का. अन्तर्गत स्थापित स्रोतकेन्द्र तहमा अनुसन्धानका निष्कर्षहरूको छलफलमा मुख्य उपयोगकर्ता भनेका विद्यालयका शिक्षकहरू हुन् । स्थानीय तहको शैक्षिक मुद्दा, विद्यालय व्यवस्थापन, नियमित तालीम र स्थानीय तहको कार्यक्रम शिक्षकहरूका लागि रोचक तथा व्यवहारिक रूपमा समेत प्रयोगमा आउन सक्ने हुँदा त्यस्ता अनुसन्धानका निष्कर्षहरूलाई उक्त तहमा प्रस्तुत गर्नु उपयुक्त हुन्छ ।

उदाहरणका लागि, यस अध्ययनमा पुनरावलोकित विभिन्न प्रतिवेदनहरू जस्तै "Third Party Review of BPEP II" तथा विश्व बैंकको "Nepal: Priorities and strategies for Education Reform" अध्ययन प्रतिवेदनहरू केन्द्रीय तहमा प्रस्तुत गर्न उपयुक्त हुन्छन् । त्यसै गरी, "BPEP (1992-98): A Synthesis of Experience" र "The Education for All: Year 2000:  Assessment Report" केन्द्रीय र जिल्ला दुबै तहमा प्रस्तुत गर्न उपयुक्त   छन् । त्यस्तै, "Reaching the Unreached; Social Assessment for Inclusive Education", "Whole School Approach Recurrent Teacher Training" र "Effectiveness of Distance Teacher Training" जस्ता प्रतिवेदनहरू जिल्ला तहमा प्रस्तुत गर्न निकै उपयुक्त हुन्छन् । यसै गरी, "Children's Learning Obstacles: A Guidebook for Teaching of Rural Disadvantaged Children" चाहिं स्रोतकेन्द्र तहमा प्रस्तुत गर्न उपयुक्त हुन्छ भने "Evaluation of Community Based ECD Programe" स्रोतकेन्द्र र जिल्ला दुबै स्तरका लागि उपयुक्त हुन्छ ।

*अध्ययन अनुसन्धानका निष्कर्षहरू प्रसार गर्ने मुख्य पूर्वावश्यकता*

(क) अनुसन्धानकर्ता वा अनुसन्धान निकायहरूलाई अध्ययन सन्दर्भका बुँदाहरू शर्त (TOR) प्रदान गर्दा कार्यकारी पदाधिकारीका लागि सारांशका अतिरिक्त अनुसन्धानको सारांश तथा तीनका नेपाली अनुवाद समेत तयार गर्ने बूँदा समावेश गरिएको हुनुपर्दछ ।

(ख) अनुसन्धान परियोजनाको जिल्ला र केन्द्रीय स्तरमा प्रसार गर्ने सेमिनार इत्यादिको खर्च अनुमोदित बजेटमा नै समावेश गरिनुपर्दछ ।

(ग) अनुसन्धानकर्ता र अनुसन्धान गर्ने निकायहरूले अनुसन्धानका निष्कर्षहरू जिल्ला र केन्द्रीय तहमा प्रसार गर्ने जिम्मा लिनुपर्दछ ।

(घ) प्रसारको कार्यका लागि आवश्यक ओभरहेड प्रोजेक्टर (Overhead Projector) जस्ता उपकरणहरू उपलब्ध गराइनुपर्दछ ।

(ङ) सम्पन्न गरिएका अनुसन्धान कार्यका प्रतिहरू प्रसारसत्रमा नै सन्दर्भका लागि उपलब्ध गराइनुपर्दछ ।

(च) नेपाली भाषाको सारांशकोप्रति प्रसारण स्थलमा नै जिल्लास्तरका सहभागीहरूलाई उपलब्ध गराइनुपर्दछ र राष्ट्रिय दैनिक समाचार पत्रहरूलाई अध्ययनका प्रतिहरू उपलब्ध गराइनुपर्दछ ।

(छ) प्रसारसत्र वा कार्याशालाको योजना अघिबाटै पर्याप्त मात्रामा तयार गरिनुपर्दछ । स्थानीय, जिल्ला वा केन्द्रीय कुन स्तरमा गर्ने हो, अनि कार्यक्रम गर्ने स्थान, उपकरण जस्ता र प्रस्तुत गर्ने सामग्री इत्यादिको किटान पहिले नै हुनुपर्दछ ।

(ज) शिक्षा विभागले आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमका विभिन्न तत्वहरूको पुस्तिका तयार गरी व्यापक रूपमा वितरण गर्नुपर्दछ ।

(झ) अनुसन्धान तथा विकास शाखाले शिक्षा विभागद्वारा गराइएका अनुसन्धानहरूको संकलन गर्नुपर्दछ र तिनका मुख्य-मुख्य अंशहरू प्रकाशित गर्नुपर्दछ ।

(ञ) समयसीमा प्रसारको लागि एक आवश्यक तत्व हो । अध्ययन र अनुसन्धानका निष्कर्षहरू कार्य सम्पन्न हुने बित्तिकै सम्बन्धित व्यक्तिहरूसँग जतिसक्दो चाँडो पुग्नुपर्दछ । कार्यक्रम निर्माणका लागि नयाँ तथा आवश्यक विचार उत्पन्न गरी समस्यालाई समाधान गर्न सकियोस् भन्ने उद्देश्यले विभिन्न सरकारी संगठन र दातृसंस्थाहरूले अध्ययनको लागि सहयोग प्रदान गर्दछन् ।

तसर्थ अध्ययन समयमा नै सम्पन्न गर्नुपर्दछ र त्यसको द्रुत प्रसार पनि हुनुपर्दछ ।

प्रसार गर्ने संयन्त्र

*अ. केन्द्रीय तह*

(क) लक्षित समूहः नीतिनिर्माता, कार्यक्रम कार्यान्वयन कर्ता र विशेषज्ञ ।

(ख) अध्ययनको प्रकारः नीतिगत अध्ययन, कार्यक्रमको मूल्याङ्कनसम्बन्धी प्रतिवेदन ।

(ग) प्रस्तुत गर्ने सामग्रीः अध्ययनको सारांश र विद्युतीय प्रसारण उपकरण (ओभरहेड प्रोजेक्टर त्यादि) ।

(घ) प्रस्तुतिको तरीकाः अध्ययन कर्ताहरूले ओभरहेड प्रोजेक्टरको सहायताले सारांश, तथा अध्ययनको प्रासंगिकताका सम्बन्धमा र समस्याबारे छलफल गर्ने ।

(ङ) समयः २ देखि ३ घण्टा (चियापानको समयसमेत) ।

(च) कार्यक्रम गर्ने स्थानः मन्त्रालय, विभाग वा अन्य कुनै स्थान जहाँ ठाउँ (Space) पर्याप्त मात्रामा उपलब्ध हुन्छ ।

(छ) खर्चः अध्ययन परियोजनाको बजेटबाट ।

(ज) प्रस्तुतिको मुख्य केन्द्रबिन्दुः

(i) अध्ययनको क्षेत्र र लक्ष्य

(ii) अध्ययन विधि

(iii) अध्ययनका निष्कर्षहरू

(iv) अध्ययनका सिफारिशहरू

(झ) प्रस्तुतकर्ताः सम्बन्धित अनुसन्धानकर्ता ।

(ञ) अभिमापकः प्रत्येक प्रस्तुतिलाई कुनै वौद्धिक व्यक्तिले अभिमापन (Moderation) गर्नु पर्दछ । अभिमापकले छलफल संचालन गर्ने र सहभागीहरूलाई अध्ययनको विषयवस्तुतिर केन्द्रित गराउने ।

*आ. जिल्ला तह*

(क) लक्षित समूहः जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक र स्रोतव्यक्ति ।

(ख) अध्ययनका प्रकारः पहुँच (Access), सहभागिता, निरन्तरता, विद्यालय गुणस्तर, विद्यार्थीको सिकाइ उपलब्धि, सुपरिवेक्षण, नियमित तालीम, शिक्षा नियमावली, शिशुविकास र जिल्ला शिक्षा योजनासँग सम्बन्धित अध्ययनहरू ।

(ग) प्रस्तुत गर्ने सामग्रीः नेपाली भाषामा अध्ययनको सारांश, सारांशका थुप्रै प्रतिहरू, ओभरहेड प्रोजेक्टरबाट प्रस्ट प्रसारण गर्ने सामग्रीहरू ।

(घ) प्रस्तुतिको तरीकाः मौखिक प्रस्तुति, ओभरहेड प्रोजेक्टरबाट प्रस्तुति र छलफल ।

(ङ) समयः २–३ घण्टा (चियापानको समयसमेत)

(च) कार्यक्रम गर्ने स्थानः जिल्ला शिक्षा कार्यालयको पुनरावलोकन कक्षा वा अन्य कुनै स्थान जहाँ बस्ने र प्रस्तुतिका सुविधाहरू उपलब्ध छन् ।

(छ) खर्चः अध्ययन परियोजनाबाट ।

(ज) प्रस्तुतिको केन्द्रबिन्दुः

(i) अध्ययनको क्षेत्र र लक्ष्य ।

(ii) अध्ययनका निष्कर्षहरू

(iii) अध्ययनका सिफारिशहरू

(झ) प्रस्तुतकर्ताः सम्बन्धित अनुसन्धानकर्ता ।

(ञ) संचालकः प्रस्तुतिपछि छलफललाई निर्देशित गर्ने अध्यक्ष हुनेछ ।

*इ. स्रोतकेन्द्र तह*

(क) लक्षित समूहः विद्यालयका प्र.अ. र शिक्षकहरू ।

(ख) अध्ययनको प्रकारः गुणस्तरयुक्त सिकाइ, विद्यार्थी सहभागिताको निरन्तरता र विद्यालय शैक्षिक सुधार योजनासँग सम्बन्धित अध्ययनहरू ।

(ग) प्रस्तुत गर्ने सामग्रीः नेपाली भाषामा अध्ययनको सारांश (प्रस्तुतकर्ताले उदाहरण पनि दिनुपर्ने) ।

(घ) प्रस्तुतिको तरीकाः सहयोगी सामग्रीका साथ मौखिक प्रस्तुति र छलफल ।

(ङ) समयः २/३ घण्टा (चियापानको समयसमेत)।

(च) प्रस्तुत गर्ने स्थानः स्रोतकेन्द्रको हल, सभाकक्ष वा अन्य उपयुक्त ठाउँ।

(छ) खर्चः अध्ययन बजेट भित्रबाट।

(ज) प्रस्तुतिको मुख्य केन्द्रबिन्दुः

(i) अध्ययनको क्षेत्र र लक्ष्य

(ii) अध्ययनका निष्कर्षहरू

(iii) अध्ययनका सिफारिशहरू

(झ) प्रस्तुतकर्ताः सम्बन्धित अनुसन्धानकर्ता वा प्रस्तुतिदक्ष अनुसन्धान कर्मचारी।

(ञ) संचालकः स्रोतव्यक्ति वा प्र.अ.ले प्रस्तुतिपछि छलफललाई निर्देशित गर्ने।

**फर्मेटिभ अनुसन्धान सल्लाहकार समूहका सदस्यहरु**

१. सह-सचिव, योजना महाशाखा, शिक्षा तथा खेलकूद मन्त्रालय ।

२. सह-सचिव, शैक्षिक प्रशासन महाशाखा, शिक्षा तथा खेलकूद मन्त्रालय ।

३. उप-सचिव, अनुगमन तथा मूल्याङ्कन शाखा, शिक्षा तथा खेलकूद मन्त्रालय ।

४. महा-निर्देशक, शिक्षा विभाग ।

५. प्रमुख, अनुसन्धान तथा विकास शाखा, शिक्षा विभाग ।

६. प्रा.डा. त्रैलोक्यनाथ उप्रेती, शिक्षाविद् ।

७. प्रा.डा. बज्रराज शाक्य, शिक्षाविद् ।

८. प्रा.डा. रुक्मिणि बज्राचाय, शिक्षाविद् ।

९. उप-प्राध्यापक, श्री बलराम पौडेल, मोरङ्ग बहुमुखी क्याम्पस ।

१०. जिल्ला शिक्षा अधिकारी, जि.शि.का., काठमाण्डौ ।

११. जिल्ला शिक्षा अधिकारी, जि.शि.का., ललितपुर ।

१२. श्री बुद्ध शरण मानन्धर, भूतपूर्व प्रधानाध्यापक, काठमाण्डौ ।

१३. श्रीमती शान्ती बस्नेत, भूतपूर्व प्रधानाध्यापक, काठमाण्डौ ।

१४. कार्यकारी निर्देशक, सेरिड

१५. रिसर्च कोर्डिनेटर, फर्मेटिभ अनुसन्धान परियोजना, सेरिड

## फर्मेटिभ अनुसन्धान कार्यमा सम्लग्न अनुसन्धानकर्ताहरू

*जिल्ला शिक्षा योजनाको विकास र कार्यान्वयन*

श्री हरिप्रसाद उपाध्याय, अनुसन्धानकर्ता
श्री अर्जुनकुमार पाण्डे, अनुसन्धान सहायक

*विद्यालयबाट प्राप्त तथ्याङ्कहरूको स्तरीयता र शुद्धता*

श्री ज्ञानेश्वर अमान्य, अनुसन्धानकर्ता
श्री हरिश श्रेष्ठ, सहयोगी अनुसन्धानकर्ता
श्रीमती प्रतिभा प्रधान, अनुसन्धान सहायक
श्री मिट्ठुराम पौडेल, अनुसन्धान सहायक

*पिछडिएका समूहको शिक्षाप्रति पहुँच*

श्री नरेन्द्रप्रसाद फुयाल, अनुसन्धानकर्ता
श्री ध्रुव सिवाकोटी, सहयोगी अनुसन्धानकर्ता
सुश्री अञ्जु शाक्य, अनुसन्धान सहायक
श्री जयराम थापा, अनुसन्धान सहायक

*कक्षाकोठामा प्रभावकारी शिक्षण-सिकाइ*

श्री गणेश सिंह, अनुसन्धानकर्ता
श्री लेखनाथ शर्मा, सहयोगी अनुसन्धानकर्ता
श्री गजेन्द्र शर्मा, अनुसन्धान सहायक
श्री अशोक पोखेल, अनुसन्धान सहायक
श्री सुनिल भट्टराई, अनुसन्धान सहायक

*विद्यालयको प्रभावकारिता: सूचकहरूको संश्लेषण*

श्री विष्णु कार्की, अनुसन्धानकर्ता
श्री राजु मानन्धर, सहयोगी अनुसन्धानकर्ता
श्री डिल्ली न्यौपाने, अनुसन्धान सहायक
श्री योगेन्द्र लेखक, अनुसन्धान सहायक

*आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोस्रो चरण) सँग सम्बन्धित अध्ययनहरूको अवलोकन*

श्री तीर्थबहादुर मानन्धर, अनुसन्धानकर्ता
श्री नवीन दुबे, अनुसन्धान सहायक